'नमो तस्स भगवतो अरहतो सम्मासम्बुद्धस्स'

# अर्हत

वर्ष ४, अंक ३ | बुद्ध सम्बत् २५५० | ने.सं. ११२७ कछलाथ्व | वि.सं. २०६३ कार्तिक २९ सकिमना पुन्हि



# पञ्चशील प्रार्थना

उहाँ भगवान अरहत सम्यकसम्बुद्धलाई नमस्कार (३)
म बुद्धको शरणमा जान्छु,
म धर्मको शरणमा जान्छु,
म संघको शरणमा जान्छु,

दोस्रोपल्ट पनि बुद्धको शरणमा जान्छु,
दोस्रोपल्ट पनि म धर्मको शरणमा जान्छु,
दोस्रोपल्ट पनि म संघको शरणमा जान्छु,

तेस्रोपल्ट पनि बुद्धको शरणमा जान्छु,
तेस्रोपल्ट पनि म धर्मको शरणमा जान्छु,
तेस्रोपल्ट पनि म संघको शरणमा जान्छु,

म प्राणी हिंसा गर्ने काम छोड्ने शील राम्ररी पालना गर्छु ।
म चोरी गर्ने काम छोड्ने शील राम्ररी पालन गर्छु ।
म कामरागको विषयमा नराम्रो आरचण गर्नेछैन ।
यो शील राम्ररी पालन गर्नेछु ।

म झूट कुरा बोल्ने बानी छोड्ने शील राम्ररी पालन गर्छु ।
म बेहोसको कारण हुने रक्सी, जाँड आदि लागूपदार्थ
सबै छोड्ने शील राम्ररी पालन गर्छु ॥

साभार : श्री महामञ्जुश्री गुरु गुठी संस्थाको गोजीपात्रोबाट

# अर्हत

त्रैमासिक

वर्ष ४ | अङ्क ३ | पूर्णांक २२ | नेसं ११३७ कछलाथ्व

शक सं. १९३८ | २०७३ कार्तिक २९| बुद्ध सं. २५६०

सल्लाहकार

रत्नसुन्दर शाक्य

जुनु बासुकला रंजितकार

चन्द्रबहादुर उलक

सम्पादक / प्रकाशक

उद्धव सुजखु

बौद्ध दर्शन अध्ययन समाजको सहयोगार्थ प्रकाशित

बजार व्यवस्थापन तथा वितरण

गोपीकृष्ण प्रजापति

बालमुकुन्द बासुकला

कम्प्युटर

सिद्धि डिजाइन डेस्कटप सर्भिस

फोन - ६६१९१०७

भ.न.पा.-४, नगांचा

मुद्रण

भिजन अफसेट प्रिन्टिङ्ग प्रेस प्रा.लि.

बानेश्वर, काठमाडौं

Email: arhattraimasik@gmail.com

सहयोग रु. ३०।-


# सम्पादकीय

बौद्ध दर्शन तथा उपदेशबाट प्राप्त ज्ञानहरूलाई व्यवहारमा लागू गर्दा देश र समाजलाई सुख र शान्तिको अनुभव प्राप्त हुने विश्वास अर्हत परिवारलाई छ।

बुद्धका उपदेशहरू तथा पञ्चशीलमात्र रटिरहँदा सुगाको रटाइमात्र सावित हुनेछ। यसले व्यक्तिलाई फाइदा हुनेछ न त समाजलाई नै। बुद्धको उपदेशलाई पालना नगरी मात्र बुद्धलाई पूजा गर्नु हुन्न। बुद्धले भन्नुभएको थियो - 'म देउता होइन मलाई पूजा गरेर स्वर्गमा नपठाऊँ।' साँच्चै आदर्श समाज स्थापना गर्ने हो भने बुद्धको उपदेशलाई व्यवहारमा लागू गर्नैपर्छ। हामीले बुद्धका सम्पूर्ण ज्ञानहरू पालना गर्न नसके तापनि पञ्चशीलमा भनिएका एउटा दुइटा उपदेशमात्र व्यवहारमा लागू गर्दा समाज कति राम्रो होला ? अनुमान गरौं !

हाम्रो समाजमा मानिसहरूले शोषण नगरे, चोरी नगरे, झूटा कुरा नगरे, लागूपदार्थ सेवनजस्ता खराब आचरण नगरे शान्ति प्राप्त हुँदैन र ? हामीलाई थाहा छ - 'ज्ञानलाई व्यवहारमा लागू गर्नु गाऱ्हो छ तर असम्भव पनि होइन।' यसलाई हामीले क्रमश: लागू गर्दै जानुपर्छ।

हामीले पञ्चशीलको जग नेपाली समाजमा राख्नै पर्दछ। यसको निम्ति धेरै विद्वानहरू लागिपरेको अनुभव गर्दैछौं। बुद्धको पालादेखि आजसम्म यसलाई निरन्तरता दिँदै आएको छ। पञ्चशील बौद्ध धर्मालम्बीहरूलाई मात्र होइन सम्पूर्ण मानवजातिलाई नै यसको महत्व छ। हामीले बुद्धको उपदेशलाई विस्तारै व्यवहारमा लागू गर्दै जाऔं। बुद्धको उपदेशलाई व्यवहारमा लागू गर्दा बौद्धमार्गी नै बन्नुपर्छ भन्ने होइन।

पाठकबृन्द, काठमाडौं स्वयम्भूस्थित संघाराम विहार (भिक्षु तालिम केन्द्र) को विषयलाई लिएर भिक्षु भिक्षुको बीचमा अदालतमा मुद्दा परेको खबरले अर्हत परिवारलाई दु:ख लागेको छ। सम्पूर्ण जीवन समाजको लागि अर्पण गरिसकेका भिक्षुहरूको माझमा पनि किन मुद्दा पऱ्यो ? हामीलाई सोच्न बाध्य पाऱ्यो। के यसबाट समाजलाई नराम्रो असर पर्दैन र ? अस्तु !

# श्रद्धेय संघनायक, अग्ग महासद्धम्म जोतिक धज, भिक्षु अश्वघोष महास्थविरको जीवनी तथा बुद्ध शासनिक योगदानबारे एक चर्चा-२

कृष्णकुमार प्रजापति, नगदेश बुद्ध विहार



ले. कृष्णकुमार प्रजापति

**४. पालि साहित्य अध्ययनको साथै उपसम्पन्न हुनु भएको :** भारतमा बसिरहन हिन्दी भाषाको जरुरत भएकोले श्रामणेर अश्वघोषलाई हिन्दी भाषा सिकाउन कुशीनगरस्थित तत्कालीन श्रामणेर धर्मरक्षितको जिम्मामा छोडी दिनु भएको थियो श्रद्धेय भिक्षु अमृतानन्दले । केही महिना पश्चात् श्रामणेर धर्मरक्षितको बुद्धधर्म अध्ययन गर्न मित्रराष्ट्र श्रीलंका जाने प्रबन्ध भएपछि उहाँ एक्लै छोड्न नमिल्ने भएर श्रीलंका स्थितको महामन्तिन्द परिवेणाका प्रधानाचार्यसित पत्राचार गरी अनुमति प्राप्त गरी दुबै जना पालि साहित्य अध्ययन गर्न मित्रराष्ट्र श्रीलंकामा ई.सं. १९४४ अगष्ट ८ को मध्यरातमा पुग्नुभयो । श्रीलंकामा अढाई वर्ष बौद्ध पाली साहित्य अध्ययन गरी "त्रिपिटकाचार्य" डिग्री हासिल गरी ई.सं. १९४७ फेब्रुवरी २२ का दिन भारतमा फर्कनु भएको थियो भने श्रामणेर अश्वघोष महामन्तिन्द परिवेणका प्रधानाचार्य एवं दक्षिण श्रीलंकाका संघनायक धर्मकीर्ति श्री धम्मावास नायक महास्थविरको छत्रछायामा रहेर पालि साहित्य अध्ययन गरी उहाँ गुरु भन्तेको उपाध्यायत्वमा ई.सं. १९४९ मई १ का दिनमा पूर्ण भिक्षु भई उपसम्पदा प्राप्त गर्नु भएको थियो । तत्पश्चात् "भिक्षु अश्वघोष" हुनु भएको थियो । मित्रराष्ट्र बौद्ध मुलुक श्रीलंकामा ८ वर्ष बसेर बुद्ध धर्मको अध्ययन र तालिम प्राप्त गरी उहाँ भारतमा फर्कनु भयो । ई.सं. १९५२ मा श्रद्धेय भिक्षु अश्वघोषले वाराणसी र सारनाथमा बसी विद्यालय शिक्षा आर्जन गर्नु भयो । उहाँले एस.एल.सी. परीक्षाको तयारी गरीरहेको बेलामा बि.सं. २००९ फागुन ४ का दिन उहाँको ममतामयी, प्रेरणादायिनी आमा लक्ष्मीमाया शाक्यको देहावसान भएको दुःखद् समाचार सुन्नु पर्‍यो ।



**५. धम्मयात्रा :** श्रद्धेय भिक्षु अश्वघोष महास्थविरज्यूले प्रव्रजित जीवन यापन कालदेखि नै धार्मिक यात्रा

शुभारम्भ गर्नु भएको देखा पर्दछ। बौद्ध पालि साहित्य अध्ययन गर्न मित्रराष्ट्र श्रीलंकामा ८ वर्ष र छिमेकी मुलुक भारतमा ८ वर्षसम्म अध्ययनमा तल्लिन हुनु भएको थियो। उहाँले अर्को संवेदनीय स्थल सारनाथबाट एस.एल.सी (म्याट्रिक) देखि आई.ए. तहसम्मको अध्ययन महाबोधि कलेजबाट उत्तीर्ण गर्नु भएको थियो भने बी.ए. स्तरको अध्ययन उहाँले काशी हिन्दूविश्वविद्यालयबाट गर्नु भएको थियो। तर बी.ए.को अध्ययन गर्दागर्दै नै उहाँलाई क्षयरोग (टिवी) लागेकोले उपचारार्थ चीनको पेकिङ स्थित "अन्तर्राष्ट्रिय विद्यार्थी संघको स्वास्थ्य निवास"मा गत सन् १९५९ को सेप्टेम्बरमा पुग्नुभयो र त्यस स्वास्थ्य निवासमा पूरा डेढ वर्ष रही स्वास्थोपचार गर्नु भएको थियो। त्यसैको गुणानुस्मरणमा उहाँले "पेकिङ स्वास्थ्य निवास" पुस्तिका बि.सं. २०१७ सालमा नै प्रकाशन गर्नु भएको थियो। धम्मयात्राको क्रममा उहाँले बि.सं. २०२९ सालमा काभ्रे, बनेपास्थितको दछुटोलमा "ध्यानकुटी विहार" निर्माण कार्य थालनी गरी बि.सं. २०३० सालमा सम्पन्न गरी संस्थापन समेत गर्नुभयो र स्थानीय जनमानसमा सचेतना जागरण गर्ने कार्य योजना तर्जुमा गरी कार्यान्वयन तर्फ लाग्नु भएको थियो। सोही क्रममा श्रद्धेय भिक्षु अश्वघोष महास्थविरले नेपालमा दक्ष एवं समर्थवान भिक्षुहरू उत्पादन गर्ने मूल उद्देश्य लिई बि.सं. २०३८ सालमा श्रद्धेय भिक्षु मैत्री, दिवंगत उपासक द्वारिकादास श्रेष्ठ र उपासिका रत्नमाया शाक्य (पछि अंनगारिका धर्मरक्षिताको रुपमा प्रव्रजित जीवन यापन गरी परिनिवृत्त समेत हुन भएकी)को सहयोगमा "संघाराम भिक्षु तालिम केन्द्र" स्थापना गर्नु भएको थियो। यसरी धम्मयात्राकै क्रममा छिमेकी मुलुक चीन, भारत लगायत अन्य बाह्य मुलुकमा पुग्नु भएको उहाँको जीवनी अध्ययन गर्ने क्रममा देखा पर्दछ। उहाँ सोभियत रुसमा पुग्नुभएन की ? मङ्गोलीया, कोरिया, कम्बोडिया, थाईल्याण्ड जापान, ताईवान, म्यानमार, श्रीलंका, मलेसिया, जर्मनी, रुस, भुटान, इङ्गल्याण्ड, क्यानाडा र अमेरीका, आदि इत्यादि उल्लेखित स्थानमा पुग्नु भइ अनुभव हासिल गर्नु भएको थियो।

**६. लुम्बिनी विकास कोषको उपाध्यक्षमा चयन :** गत बि.सं. २०४६ सालको जनान्दोलन पश्चात प्रजातन्त्रको पुनर्वहाली भइ गठीत माथिल्लो सदन राष्ट्रिय सभाको एक माननीय सांसदको रुपमा चयन भइ दुई वर्षसम्म उपेक्षित धार्मीक समूहको प्रतिनिधित्व गरी धर्म प्रचार समेत गर्नु भएको थियो। ने.क.पा. एमालेको नौ महिने शासनकालमा चार महिना लुम्बिनी विकास कोषको गरिमामयी पद उपाध्यक्षमा चयन भइ कार्य सम्पादन गर्नु भएको थियो।

**७. लेख रचनाको साथै प्रधान सम्पादकको भूमिका अदा गर्नु भएको:** श्रद्धेय भिक्षु अश्वघोष महास्थविरले ७७ वर्षको बयोवृद्ध अवस्थामा समेत लेख रचनाहरू तयार गर्ने, पुस्तकहरू प्रकाशित गर्ने "धर्मकीर्ति" पत्रिकाको बिसौं वर्षसम्म पनि प्रधान सम्पादक भइ निरन्तर लागी पर्नु भएको थियो। बनेपास्थित ध्यानकुटी विहारमा संचालित बालआश्रममा अभिभावकीय भूमिका निभाउनु भएको थियो।

**८. नेपालको जेठो बौद्ध संस्था धर्मोदय सभामा सम्मानित अध्यक्ष पदमा रही बसी उहाँले तीन वर्षको अवधि पार गर्नु भएको थियो।**

**९. वर्षावास अधिष्ठानमा निरन्तरता :** श्रद्धेय

भिक्षु अश्वघोष महास्थविरले युवा अवस्थामा अध्ययनको क्रमसँगै मित्रराष्ट्र छिमेकी मुलुक श्रीलंकामा तीन वर्षसम्म वर्षावास अधिष्ठान गर्नु भएको थियो भने छिमेकी मुलुक भारतमा चार वर्ष र स्वास्थ उपचारको क्रममा अर्को छिमेकी मुलुक चीनमा तीन वर्षसम्म वर्षावास वस्नु भएको समेत गरि हालसम्म ६७ पल्ट वर्षावास अधिष्ठान गरी सक्नु भएको रहेछ। (ई.सं. २०१५ सम्ममा)

**१०. अन्तर्राष्ट्रिय बौद्ध सभा सम्मेलनमा सहभागिता :** श्रद्धेय भिक्षु अश्वघोष महास्थविरले विविध अन्तर्राष्ट्रिय बौद्ध सभा सम्मेलनमा सहभागि नै योगदान पुऱ्याउनु भएको छ। त्यसमध्ये क्रमैसित श्रीलंका, म्यानमा: (बर्मा), चीन, थाइल्याण्ड, जापान, मलेशिया, मंगोलिया, जर्मनी, रुस, भुटान, इङ्गल्याण्ड, क्यानाडा र अमेरिकामा सहभागी भइ बैदेशिक भ्रमयात्रा गरी नेपालको गौरब उच्च पारेको देखा पर्दछ।

**११. बुद्धशासनिक क्षेत्रमा योगदान :** श्रद्धेय भिक्षु अश्वघोष महास्थविरले नेपालमा बुद्धशासनलाई चीर स्थायी गर्न, श्रद्धेय भिक्षुहरूको संख्यात्मक एवं गुणात्मक अभिवृद्धि गर्ने गराउने उद्देश्यले नेपालमा प्रथम भिक्षु तालिम केन्द्रको संस्थापन संघाराम विहारमा गर्नु भएको थियो। उहाँको ठूलो इच्छा भनेको भगवान् बुद्धले स्थापना गर्नु भएको भिक्षु संघको व्यवस्था अनुरुप नै भिक्षु तालिम केन्द्र स्थापना गर्ने थियो। वास्तवमा संघाराम विहारको संस्थापन २०३८ सालमा गर्नु हुँदा खेरी नै भिक्षु तालिम केन्द्रको रुपमा गर्नु भएको थियो। संस्थापकको रुपमा श्रद्धेय भिक्षु अश्वघोष महास्थविर रहनु भयो भने सह-संस्थापकमा गुरु भाइ श्रद्धेय भिक्षु मैत्री महास्थविर रहनु भएको थियो। संस्थापक ताहरूमा ठँहिटीका वरिष्ठ उपासक द्वारिकादास श्रेष्ठ र उपासिका रत्नमाया शाक्य हुनुहुन्थ्यो। उपासिका रत्नमायाको उत्तरार्द्धका शेष जीवन अ.धर्मरक्षिताको रुपमा प्रव्रजित जीवन यापन गरी यस अनित्य भौतिक संसारबाट देहावसान हुन पुग्यो। निब्बानस्स पच्चयो होतु !

संघाराम भिक्षु तालिम केन्द्र नेपालको प्रथम एवं ऐतिहासिक भिक्षु तालिम गर्ने विहारको रुपमा रहेको बारेमा माथि नै उल्लेख भइसक्यो। तालिम केन्द्रको उद्देश्य अनुरुप भिक्षुहरू तयार गर्नाखातिर पाटन र बलम्बु क्षेत्रबाट १० जना कुलपुत्रहरू छानी प्रव्रजित गर्ने शुभकार्यमा श्रद्धेय दिवंगत संघ महानायक भिक्षु प्रज्ञानन्द महास्थविर, त्रिपिटक विशारद डा. भिक्षु अमृतानन्द महास्थविर लगायत वृहद् संघको समुपस्थितिमा प्रव्रज्या समारोह सम्पन्न भएको थियो। संघाराम भिक्षु तालिम केन्द्रबाट प्रथम पल्ट आयोजित समारोहमा प्रव्रजित हुनु भएका कुलपुत्र श्रामणेर यस प्रकारका थिए :-

- श्रामणेर भद्दिय (लक्ष्मी दास महर्जन) बलम्बु
- श्रामणेर उपतिस्स (जीवन श्रेष्ठ) बलम्बु
- श्रामणेर आनन्द (पुरुषोत्तम नकर्मी) बलम्बु
- श्रामणेर सद्धातिस्स (भूवन श्रेष्ठ) बलम्बु
- श्रामणेर मंगल (भान्दास महर्जन) बलम्बु
- श्रामणेर विनीत (सानुकाजी महर्जन) पाटन
- श्रामणेर कोलित (गौतमरत्न शाक्य) पाटन
- श्रामणेर कोण्डण्य (विश्वरत्न शाक्य) पाटन
- श्रामणेर धम्मिक (वरुण शाक्य) पाटन
- श्रामणेर शोभित (महेन्द्र महर्जन) पाटन

उल्लेखित १० जना श्रामणेरहरूले श्रीलंका र थाइल्याण्डमा अध्ययन पूरा गरी उपसम्पदा समेत

हासिल गरी पूर्ण भिक्षु हुनु भएको छ । उहाँहरूमध्ये दुईजना गृहस्थ जीवनमा फर्केका थिए ।

दोस्रो पल्ट गत बि.सं. २०४४ भाद्र १० का दिन श्रद्धेय संघनायक भिक्षु प्रज्ञानन्द महास्थविरको उपाध्यायत्वमा १० जना कुलपुत्र श्रामणेर प्रव्रज्या कार्य सम्पन्न भएको थियो । जसमध्ये ८ जनाले चीवर छोडी गृहस्थ जीवन यापन गरेका थिए भने दुई जना श्रामणेरमध्ये कोण्डण्य, हाल भिक्षु कौण्डण्यको रुपमा बुद्ध विहारको अधिपति हुनुहुन्छ । उहाँले (कोण्डण्य) गत बि.सं. २०५० मंसिर १३ का दिन श्रद्धेय संघनायक भिक्षु सुबोधानन्द महास्थविरको उपाध्यायत्वमा अन्तर्राष्ट्रिय बौद्ध भावना केन्द्रको सीमागृह (उपोषथागार) मा उपसम्पदा हासिल गरी "भिक्षु कोण्डण्य" हुनु भएको छ । हाल उहाँ अखिल नेपाल भिक्षु महासंघको श्रद्धेय महासचिवको रुपमा रही कार्य सम्पादन गरी नेतृत्व सम्हाली आउनु भएको छ ।

तेश्रोपल्ट श्रद्धेय भिक्षु अश्वघोष महास्थविरले तामाङ र शेर्पाहरूका १० जना कुलपुत्रहरूलाई प्रव्रजित तुल्याई श्रामणेर गर्नु भएको थियो । त्यसमध्ये श्रामणेर अशोक र त्रीरत्न बाहेक आठै जना गृहस्थ हुन पुगे । श्रामणेर अशोक र त्रीरत्नमात्र शेष रही प्रव्रजित यापन गरी पछि उपसम्पदा हासिल गरी पूर्ण भिक्षु हुनु भएको थियो । भिक्षु अशोक (थारु)ले चीवर त्याग गरि गृहस्थ जीवन यापन गरी विदेशमा रहनु भएको छ । यसरी उहाँले संख्यात्मक र गुणात्मक तवरले बुद्धशासन अभिवृद्धि गर्ने गराउने कार्यमा तल्लिन भइ लाग्नु भएको छ, योगदान दिई रहनु भएको छ । भिक्षु तालिम गरिएका मध्ये थोरै मात्रले भएपनि प्रव्रजित जीवन यापन गरी रहेकोमा सन्तुष्ट व्यक्त गरिरहनु भएको छ । गुणात्मक प्रतिफल हात लागेकोमा प्रमुदीत भइरहनु भएको छ ।

**१२. बुद्धधर्ममा व्यापकता ल्याउन लेखन कार्यमा योगदान :** श्रद्धेय भिक्षु अश्वघोष महास्थविरको बि.सं. २०१६ मा धर्मोदय सभाद्वारा प्रकाशित ...गौतम बुद्ध ! नामक पुस्तक नै प्रथम प्रकाशनको रुपमा रहेको छ भने उहाँको लेख रची मासिक पत्रिका "धर्मदूत" मा बि.सं. २००२ मंसिरमा नेपाल भाषाबाट प्रकाशित भएको देखा पर्दछ । तत्पश्चात् निरन्तर लागी परी हालसम्म नेपाल भाषा र नेपाली भाषामा गरी एक सय भन्दा बढी कृतिहरू रचना गर्नु भयो । उहाँको कृति अंग्रेजीमा एउटा प्रकाशित भएको छ । पुस्तक रची प्रकाशन गर्नु मूल उद्देश्य भनेकै मान्छेलाई सही रुपमा मान्छे बनाउनु थियो भन्नु हुन्छ । उहाँ सदा सिद्धान्त भन्दा व्यवहारिक हुनुपर्ने, ठूलो र बडा मानिस भन्दा "असल मानिस" हुनुपर्नेमा जोड दिनुहुन्छ । यस देशलाई ठूला भन्दा असल मानिसको दरकार परेको छ । तसर्थ असल मानिस बनाउन सरल सहज ढंगले बौद्ध साहित्य रचना गरेको भन्न रुचाउनु हुन्छ । एक सय भन्दा बढी कृतिहरूको अलावा विभिन्न पत्रपत्रिका, स्मारिका आदि इत्यादीमा सयौं लेख रचनाहरू प्रकाशित भएको छ । यसरी उहाँ एक अथक लेखन क्षेत्रका योद्धा हुनुहुन्छ । आमन्त्रित क्षेत्रमा धार्मिक प्रवचन मार्मिक तवरले, समयानुकुल तवरले व्यवहारिक एवं प्रभावकारी प्रवचन दिनमा माहिर हुनु हुन्छ । धार्मीक प्रवचन युक्त उपदेशमा जहिले पनि पारलौकिक जीवन भन्दा बर्तमान जीवन र समयलाई जोड दिई धर्म देशना गर्नु हुन्छ । यसरी लेखन क्षेत्रमा योगदान गरी बुद्ध शासनलाई मजबुत गराउनु हुन्छ ।

**१३. आदर्श गुरुका रुपमा श्रद्धेय भिक्षु अश्वघोष महास्थविर :** बौद्ध जगतका सुप्रशिद्ध व्यक्तित्व श्रद्धेय गुरुवर भिक्षु अश्वघोष महास्थविर उहाँका शिष्यहरूको नजरमा एक आदर्श एवं जाज्वल्यमान गुरुको रुपमा हुनुहुन्छ । उहाँमा आदर्श गुरुमा हुनुपर्ने गुणहरू विद्यमान रहेको कुरा उहाँकै शिष्य चेलाहरू बेला बखतमा ठाउँठाउँमा अभिव्यक्तिएका बाट ज्ञात हुन आउँछ । उहाँ हरेक क्षेत्रमा आफै अग्रसर भइ कार्य गर्नु हुन्छ ।

**१४. धर्मकीर्ति पत्रिकाको प्रकाशनमा योगदान :** नेपालमा स्थविरवाद बुद्ध धर्मको प्रचार प्रसार कार्यमा धर्मकीर्ति पत्रिकाको आफ्नै खालको भूमिका रहेको छ । सो पत्रिका धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीको स्थापनाकालमा बार्षिक पत्रिकाको रुपमा वि.सं. २०२९, बुद्ध सं. २५१६ को बैशाख पूर्णीमाको अवसरमा प्रकाशित हुँदा सो पत्रिकामा सम्पादकको भूमिकामा श्रद्धेय भिक्षु अश्वघोष महास्थविर हुनुहुन्थ्यो । प्रकाशकमा धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी, श्रीघः थिए भने यसको मूल्य रु.१।- मात्र थिए । बुद्ध सं. २५१६ देखि बुद्ध सं. २५२७ बैशाख पूर्णिमासम्म १२ अंक बार्षिक रुपमा प्रकाशित भएको थियो भने बुद्ध सं. २५२७ आषाढदेखि बुद्ध सं. २५२९ सम्म १२ अंक द्वैमासिक रुपमा प्रकाशित भएको थियो । बुद्ध सं. २५२९ असार पूर्णिमा देखि हालसम्म मासिक रुपमा प्रकाशित हुँदै आएको छ । यसरी निरन्तर रुपमा प्रकाशित हुँदै आएको पत्रिकामा श्रद्धेय भिक्षु अश्वघोष महास्थविरले संस्थापक सम्पादकको रुपमा र प्रधान सम्पादकको रुपमा समेत ठूलो योगदान गरी आउनु भएको छ ।

**१५. ऐतिहासिक आनन्दकुटी विहारमा योगदान :** प्रव्रजित यापन गरेर अध्ययन गर्ने क्रममा मित्रराष्ट्र श्रीलंकामा आठ वर्ष, छिमेकी मुलुक भारतमा आठवर्ष र स्वास्थ्य उपचारको क्रममा उत्तरी छिमेकी मुलुक चीनमा २ वर्ष रही बसी बौद्ध दर्शन, पालि साहित्य अध्ययन र तालिम लिई स्वदेश फर्केपछि श्रद्धेय भिक्षु अश्वघोषले सर्वप्रथम आवाशीयको रुपमा बस्न आएको विहार भनेको स्वयम्भुस्थितको "आनन्दकुटी विहार" थियो । नेपालमा थेरवाद बुद्धधर्म उत्थानमा आनन्दकुटी विहारको ऐतिहासिक महत्व र योगदान रहेको थियो । त्रिपिटक विशारद डा. भिक्षु अमृतानन्द महास्थविरका प्रमुख एवं जेष्ठ शिष्य हुनु भएको नाताले अश्वघोष महास्थविरले बि.सं. २०१८ सालदेखि आनन्दकुटी विहारमा रही बसी १२ वर्षसम्म लगातार वर्षावास बस्नु भएको थियो भने बि.सं. २०३२ (ई.सं. १९७५) मा पनि सोही विहारमा वर्षावास बसी बुद्ध शासनिक कार्यमा योगदान गर्नु भएको थियो ।

आनन्दकुटी विद्यापिठमा झण्डै १० वर्ष सेवा पुऱ्याई उहाँ त्यस विद्यापिठको सुपरिवेक्षक पदमा रही सेवा सम्पादन गर्नु भएको थियो । बि.सं. २०३० सालदेखि आनन्दकुटी विहार गुठीद्वारा प्रकाशित नेपालको प्रथम बौद्ध मासिक पत्रिका "आनन्दभूमि"मा स्थापनाकालदेखि संस्थापक सम्पादकको भूमिकामा सेवा सम्पादन गरी योगदान पुऱ्याउनु भएको थियो । तत्पश्चात् भिक्षु अश्वघोष महास्थविरले निरन्तर २ दशकसम्म प्रधानसम्पादक एवं व्यवस्थापक भइ सेवा सम्पादन गरी योगदान पुऱ्याउनु भएको गुणानुस्मरण गर्नुपर्दछ ।

**१६. उपत्यका बाहिर बनेपामा ध्यानकुटी विहार निर्माणमा योगदान :** संघाराम भिक्षु तालिम केन्द्रको

बि.सं. २०३८ मा स्थापना भए पश्चात् आनन्दकुटी विहारबाट टाढिन पुग्यो । उहाँ उपत्यका बाहिर पूर्व पश्चीम उत्तर दक्षिण जहाँतहीं पनि धर्म प्रचार गर्न तम्सिनु हुन्थ्यो । अत: के तराई, के पहाड, के पूर्व, के पश्चीम जहाँ पनि धर्म प्रचार गर्ने कार्यमा प्रमुदीत भइ लाग्नु हुन्थ्यो । बुद्ध शासन अभिवृद्धि गर्नाखातिर श्रद्धेय भिक्षु अश्वघोष महास्थविरले उपत्यका बाहिर बनेपामा ध्यानकुटी विहार बि.सं. २०३० (बुद्ध सं. २५१७) असार महिनामा स्थापना गरेको बारेमा सोही विहारको मूल बुद्ध प्रतिमा छेउमा अंकित शिलास्तम्भमा उल्लेख छ । सो विहार निर्माणार्थ उपासिका कृष्णकुमारी र उनकी छोरी उपासिका पूर्णमाया मानन्धरले १ रोपनी जग्गा दान दिनु भएको थियो र सोही जग्गामा निर्मित विहार गत बि.सं. २०३० असार महिनामा गुरुवर पूज्य महानायक डा. भिक्षु अमृतानन्द महास्थविरज्यूको करकमलबाट समुद्घाटन गरी स्थापना भएको संस्मरण गरिन्छ । सो विहारको संस्थापन कालदेखि बि.सं.२०३२ सालको वर्षावास बाहेक बि.सं. २०४३ सालसम्म निरन्तर वर्षावास ध्यानकुटी विहारमा अधिष्ठान गर्नु भएको देखा पर्दछ । सो विहारमा वर्षावास बस्नु भएको बेलामा उहाँले काभ्रे जिल्ला भरी बौद्ध जागरण गर्न गराउन नाला, साँगा, खोपासी, बनेपा, पनौति, दाप्चा आदि स्थानमा बुद्धपूजा एवं धर्म देशनाको आयोजना गरि आउनु भएको थियो ।

**१७. ध्यानकुटी विहारमा स्थापित बाल आश्रम मेत्ता सेन्टरमा अभिभावकीय भूमिका निभाई योगदान गरेको :** ध्यानकुटी विहारमा बाल आश्रम मेत्ता सेन्टर खोलेर यही आश्रममा रही बसी भगवान् बुद्धको शिक्षा अध्ययन र अभ्यास लगायत विद्यालय शिक्षा समेत प्राप्त गरी रहेका छन् १०-१२ जना बाल-बालिकाहरूले दैनिक रुपमा विहान ६:०० बजे उठ्ने, ७ बजे बुद्ध पूजा पाठ गर्ने, ७:३० मा जलपान गर्ने, तत्पश्चात गृहकार्य गर्ने, खाना खाएर १०-४ बजे विद्यालय शिक्षा अध्ययन गर्ने । ४:१५ बजे विद्यालयबाट फर्की सकेपछि खाजा खाने, तत्पश्चात् गृहकार्य गर्ने, बेलुका ६ बजे पुन: बुद्धपूजा पाठ गर्ने । ६:३० बजेतिर बेलुका खाना खाने र राती ९:०० बजेसम्म शेष गृहकार्य गर्ने, तत्पश्चात् रातीको आराम अर्थात सुत्ने जस्ता दैनिक नियमित तालिका बमोजिम गर्ने गराउने अभ्यासमा ब्यस्त गराउनु भएको छ । श्रद्धेय भन्तेले हप्ताको अन्तिम दिन अर्थात शनिबारको दिन विशेष कार्यक्रमको रुपमा बिहान १० बजे जापानी भाषाको कक्षा हुन्छ भने दिउँसो २:३० बजेतिर मनोरञ्जन कार्य हुन्छ । अनि बेलुका ७ बजेतिर कम्प्युटर कक्षा संचालन हुन्छ । यसरी बालआश्रममा श्रद्धेय भिक्षु अश्वघोष महास्थविरले बाल बालिकाहरूलाई असल नागरिक बनाउन विशिष्ठ योगदान पुऱ्याई अभिभावकीय भूमिका अद्दा गर्नु भएको छ ।

**१८. भिक्षु अश्वघोष महास्थविरको धार्मीक योगदानमा काठमाडौं स्थितको श्रीघ:** विहार:- काठमाडौं महानगरीको मुटुमा रहेको न:घलस्थितको मनोरम सुन्दर विहार हो "श्रीघ: विहार"। यस विहारमा आवाशीय रुपमा रही बसी उहाँलाई जहाँतही आवत जावत गर्न सुगम, धर्म प्रचार प्रसारार्थ पुस्तक तथा पत्रपत्रिका प्रकाशनार्थ प्रेसमा धाउनु पनि सजिलो सुगम स्थलको रुपमा योगदान पुऱ्याउन श्री घ: विहार ज्यादै उपयुक्त र महत्त्वपूर्ण विहारका रुपमा रहेको छ, थियो । श्रीघ: विहारमा रही बसी उहाँले पत्र पत्रिका

सम्पादन गर्ने, लेख रचनाहरू निरन्तर लेख्ने, पुस्तकहरू प्रकाशित गर्ने, गर्दै जाने, विभिन्न स्थानमा धर्म प्रचार, धर्म उपदेश गर्न जाने जस्ता बुद्ध शासनिक कार्यमा अनवरत रुपमा लागि पर्नु भएको छ, थियो ।

**१९. अभिनन्दन एवं सम्मान कार्यमा अश्वघोष महास्थविर :** भिक्षु जीवनका आदर्श व्यक्तित्व, बहुआयामिक एवं बहुप्रतिभाशाली व्यक्तित्वका धनी श्रद्धेय भिक्षु अश्वघोष महास्थविरले बुद्ध शासनिक कार्यमा पुऱ्याउनु भएको योगदानलाई कदर गरी विभिन्न बौद्ध संघ संस्था, सरकारी, गैर सरकारी एवं अन्तर्राष्ट्रिय क्षेत्रबाट समेत विभिन्न तवरले अभिनन्दन एवं सम्मान गरी विभिन्न पुरस्कार एवं सम्मान पदविबाट समेत विभूषित भइ सक्नु भएको छ ।

क) अखिल नेपाल भिक्षु महासंघ (अ.ने.भी. महासंघ) बाट बि.सं. २०५७ बैशाख २८ गतेका दिन "अग्ग महासद्धम्म जोतिक धज" पदवी मित्रराष्ट्र बौद्ध मुलुक म्यानमार (वर्मा) बाट ग्रहण गरी शासन गौरब उच्च पारेकोमा प्रमुदित भइ तत्कालीन संघनायक श्रद्धेय भिक्षु अनिरुद्ध महास्थविर एवं अध्यक्ष श्रद्धेय भिक्षु बुद्धघोष महास्थविरज्यूद्वारा संयुक्त तवरले अभिनन्दित भएको थियो ।

मित्रराष्ट्र म्यानमार (वर्मा) सरकारले अन्तर्राष्ट्रिय व्यक्तित्वहरूलाई जसले बुद्धशासन बृद्धिदर गुण, बुद्धशासन हितकर गुण, बुद्धशासन अनुरक्षित गुण भएका महास्थविरहरू जो शील, समाधि र प्रज्ञा गुणले सम्पन्न व्यक्तित्वहरूलाई "अग्ग महासद्धम्म जोतिक धज" उपाधी प्रदान गरी प्रथम श्रेणीका धर्मदूतका रुपमा स्विकारेको हुन्छ । त्यस्ता आध्यात्मिक ओजपूर्ण उपाधि मित्रराष्ट्र म्यानमार (बर्मा) सरकारले श्रद्धेय भिक्षु अश्वघोष महास्थविरलाई ई.सं. २००० मार्च १९ का दिनमा प्रदान गरिएको थियो ।

ख) धर्म निरपेक्ष आयोजक समितिबाट बि.सं. २०४८ भाद्र २९ गतेका दिन श्रद्धेय भिक्षु अश्वघोष महास्थविरको बुद्ध शासनिक योगदानलाई कदर गरि अभिनन्दन एवं सम्मान गरिएको थियो ।

ग) धर्मकीर्ति अध्ययन गोष्ठी, काठमाडौंबाट बुद्ध सं. २५२८ माघ १ गतेका दिन उहाँ भिक्षु अश्वघोष महास्थविरलाई अभिनन्दन गरेको पत्रमा उल्लेख भएको एक वाक्य यहाँ उद्धृत गर्न चाहन्छु : ...वास्तविक बुद्धको भिक्षु संघमा एक आदर्शवान् भिक्षु हुनुहुन्छ तपाई करुणामयी, व्यावहारिक, दानी, अलोभी र उत्साही ।'

घ) नगदेश बौद्ध समूह, मध्यपुर थिमि नगर ६, महाखेल, नगदेशबाट बि.सं. २०५७ बैशाख २८ गतेका दिन श्रद्धेय अग्ग महासद्धम्म जोतिक धज भिक्षु अश्वघोष महास्थविरज्यूलाई अभिनन्दन गरी सम्मान जाहेर गरेका थियौं ।

- त्यसैगरी नगदेश बौद्ध समूहको मिति २०४८ आषाढ १९ गते बुद्धबार बसेको बैठकले श्रद्धेय भिक्षु अश्वघोष महास्थविरज्यू ...राष्ट्रिय सभामा मनोनयन भइ प्रतिनिधि हुनु भएकोमा प्रमुदित भइ बधाई समेत ज्ञापन गरेका छौं ।
- नगदेश बुद्ध विहारमा प्रथमपल्ट वर्षावास अधिष्ठानको लागि श्रद्धेय भिक्षु अश्वघोष महास्थविरज्यूसित अनुरोध गर्दा उहाँले ...स्थानमा श्रेष्ठ हुनु भएको भनी उहाँकै शिष्य श्रद्धेय भिक्षु थानसेट्ठलाई पठाई यस विहारको गौरव र गरिमा प्रतिष्ठित गराउनु भएकोले उहाँहरू गुरु र शिष्य भन्तेप्रति कृतज्ञता जाहेर गरी आयु आरोग्य र

सुस्वास्थ्यको कामना गरेका छौं । यो भनेको २५८३ औं धर्मचक्र प्रवर्तन दिवसताकातिरको कुरो हो ।

● नगदेश बौद्ध समूह-२०४५ को दोस्रो अधिवेशन बि.सं. २०५६ जेष्ठ १८ गते मंगलबारका दिन भएको सभामा श्रद्धेय भिक्षु अश्वघोष महास्थविरले प्रमुख आतिथ्यत्व ग्रहण गर्नु भइ कार्य सिद्धि हासिल भएको थियो । तसर्थ उहाँप्रति समूह कृतज्ञता जाहेर गर्दछ ।

● नगदेश बौद्ध समूहद्धारा प्रकाशित बौद्ध ग्रन्थ रत्न "त्रिरत्न बन्दना, परित्राण र बौद्ध संस्कार पद्धति" को विमोचन गरी लोकार्पण श्रद्धेय भिक्षु अश्वघोष महास्थविरज्यूले गर्नु भएको थियो, त्यसबेला उहाँ ध.स. को केन्द्रिय अध्यक्ष पनि हुनुहुन्थ्यो ।

● नगदेश बौद्ध समूह-२०४५ले श्रद्धेय अग्ग महासद्धम्म जोतिक धज भिक्षु अश्वघोष महास्थविरज्यूलाई २०६० सालको चैत्र पूर्णिमा (ल्हुतिपुन्ही)का दिनमा नगदेश बुद्ध विहार धम्महलमा भव्य तवरले अभिनन्दन एवं सम्मान कार्य सम्पन्न गरेका थियौं । उहाँ भनेको यस नगदेशका कुलपुत्रहरूका श्रद्धेय गुरु भन्ते हुनुहुन्छ, जो श्रामणेर प्रव्रजित हुँदा श्रद्धेय भन्तेले ...नन्दकुमार र राहुल कुमार भनी नामाकरण गरिएका ती कुलपुत्रहरूले मित्रराष्ट्र श्रीलंकामा १२ वर्ष अध्ययन गरी श्रीलंकामै उपसम्पदा प्राप्त गरी वर्षावास समेत अधिष्ठान गर्नु भएको थियो । स्वदेश फर्की नगदेश बुद्ध विहारमा रहनु भएको केही हप्तामा नै नन्द कुमार भन्तेले "चीवर" परित्याग गऱ्यो भने राहुल भन्तेले दुई वर्षसम्मको वर्षावास सम्पन्न गरी गत बि.सं. २०७१ माघ २ गते विनय नियम पालना नगरी मिरमिरे बिहानी अगावै "चीवर" छोडी गएको पनि संस्मरण गर्नु पर्दछ ।

● श्रद्धेय भिक्षु अश्वघोष महास्थविर र त्रिपिटकाचार्य भिक्षु कुमार काश्यप महास्थविरको प्रव्रजित जीवन यापन गरेको ६० वर्ष एवं उहाँहरूको उमेर ७७ वर्ष पूरा भएको गुणानुस्मरणमा गत ने.सं. ११२४ बछलाथ्व ९ देखि बछलागा २ (दुतिया) सम्मको एक हप्ते अल्पकालीन दुर्लभ प्रव्रज्या कार्यक्रममा नगदेश बुद्ध विहारको तर्फबाट युवा बौद्ध उपासकहरूले सहभागि भइ प्रव्रजित जीवन एक हप्तासम्म यापन गर्नु भएको संस्मरण गरिन्छ । ती प्रव्रजित हुने युवाहरूको नामावली यस प्रकार थिए ।

१. उपासक प्रवीण प्रजापति
२. उपासक सगुन प्रजापति
३. उपासक दिनेश तको
४. उपासक राजकुमार मेजु
५. उपासक बालकृष्ण बाडे
६. उपासक सिद्धिकृष्ण बाडे
७. उपासक बाबुकृष्ण बाडे
८. उपासक राकेश नाय:जु
९. उपासक रमेश बाडे
१०. उपासक विकास तको
११. उपासक राजेश बजु
१२. उपासक रोहन मेजु
१३. उपासक विकास बाडे
१४. उपासक सुरेश तको
१५. उपासक विश्वराम बाडे
१६. उपासक रत्नलाल मानन्धर

हाल उहाँ श्रामणेर रत्नज्योति हुनुहुन्छ ।

● श्रद्धेय भिक्षु अश्वघोष महास्थविर र त्रिपिटकाचार्य भिक्षु कुमार काश्यप महास्थविरज्यूको प्रव्रजित जीवन

यापन गर्नु भएको ६० वर्ष र ७७ वर्षमा प्रवेश गर्नु भएको गुणानुस्मरण गरी उहाँहरू दुबैको आयु आरोग्य र सुस्वास्थ्यको कामना गरी उहाँहरूले बुद्ध शासनिक क्षेत्रमा पुऱ्याउनु भएको योगदानलाई कदर गरी गत ने.सं. ११२४ दिल्लागा ९, बि.सं. २०६१ असार २७, आइतबारको दिनमा नगदेश बुद्ध विहारको धम्महलमा अभिनन्दन गरी "अभिनन्दन पत्र" अर्पण गरेको कुरो पनि संस्मरण गर्नै पर्दछ । यसैक्रममा उहाँहरू दुबै जनाको कृतज्ञ गुणलाई सम्झनै पर्दछ । उहाँहरू दुबैको गुरुवरत्वमा नगदेश बुद्ध विहारको धम्महलमा नगदेशका कुलपुत्रहरू छ जना, बलम्बु, टोखा र काठमाडौंका ५ जना गरी ११ जनालाई श्रामणेर प्रव्रज्या भएको थियो । ती सबै श्रामणेरहरू पनि मित्रराष्ट्र श्रीलंकामा दशौं वर्ष बौद्ध धर्म अध्ययन गरी स्वदेश फर्केका थिए । त्यसमध्ये नगदेशका ६ जना कुलपुत्रहरूले नगदेश बुद्ध विहारमा रहनुभएको केही महिनामै चिवर छोडी गृहस्थ जीवन यापन गर्न पुगेका थिए । विडम्बना नै भनौं, नगदेशका कुलपुत्र पुत्रीहरू सबै नै गृहस्थाराममा फर्केका थिए । प्रव्रजित जीवनको रसास्वादन मात्र गरेका थिए ।

- नगदेश बौद्ध समूहद्वारा प्रकाशित "सिंहल द्वीप श्रीलंका-एक अध्ययन" नामक ग्रन्थको विमोचन श्रद्धेय भिक्षु अश्वघोष महास्थविरज्यूका करकमलबाट गर्नु भएको पनि संस्मरण गरिन्छ ।
- अखिल नेपाल भिक्षु महासंघको तर्फबाट गत ने.सं. ११२६ तछलाथ्व ११, बि.सं. २०६३ जेष्ठ २४ बुद्धबारका दिन श्रद्धेय भिक्षु बुद्धघोष महास्थविरलाई "संघनायक" पदवि र श्रद्धेय भिक्षु अश्वघोष महास्थविरलाई "उप-संघनायक" पदवि प्रदान गरी चयन गराएकोमा अ.ने.भि. महासंघप्रति कृतज्ञ भइ, प्रमुदीत भइ उहाँहरू दुबै जनाको आयु आरोग्य र सुस्वास्थको कामना गरियो ।
- नगदेश बौद्ध समूह-२०४५ को चौथो अधिवेशन ने.सं. ११२७ अनलाथ्व १५, बि.सं. २०६४ जेष्ठ १७ (बुद्ध सं. २५५१) बिहिबारका दिन प्रमुख अतिथि माननीय संस्कृति, पर्यटन तथा उड्डयन मन्त्री श्री पृथ्वी सुब्बा गुरुङ्गज्यू र विशिष्ठ अतिथि श्रद्धेय अग्ग महासद्धम्म जोतिक धज भिक्षु अश्वघोष महास्थविरज्यू पाल्नु भइ अधिवेशनको गरिमा र गौरव उच्च भएको गुणानुस्मरण सदा गरिन्छ ।
- नेपालको बुद्धशासनिक क्षेत्रमा असिम योगदान पुऱ्याउन भएका श्रद्धेय अग्गमहासद्धम्म जोतिक धज भिक्षु अश्वघोष महास्थविरज्यूलाई अखिल नेपाल भिक्षु महासंघबाट सर्वसम्मतिले "छैठौं संघनायक" जस्ता गरिमामयी पदमा विभूषित गत बि.सं. २०६८ असोज १४, शनिबार गराउनु भएकोमा प्रमुदित भइ उहाँको आयु आरोग्य र सुस्वास्थ्य कामना गरेका थियौं । साथै अखिल नेपाल भिक्षु महासंघद्वारा गत ने.सं. ११३२ कछलागा २, बि.सं. २०६८ कार्तिक २६ (बुद्ध सं. २५५५) शनिबारका दिन गरेको अभिनन्दन कार्यमा नगदेश बुद्ध विहार एवं नगदेश बौद्ध समूह
- नगदेश बौद्ध समूह-२०४५ को "रजत प्रवेश वर्ष"को शुभारम्भ गत बि.सं. २०७० आषाढ ९, जेष्ठ पूर्णिमा (पनौती पुन्ही) ने.सं. ११३३ तछलाथ्व १५, (बुद्ध सं. २५५७) आइतबारका दिन श्रद्धेय अग्ग महासद्धम्म जोतिक धज भिक्षु अश्वघोष महास्थविरज्यूबाट घोषणा गरी पूरा रजत वर्षभित्र विभिन्न गतिविधि गरेका थियौं ।

ङ. अन्य संघ संस्थाहरूबाट अभिनन्दन एवं सम्मान कार्य गरेको बारे :

- ज्ञानमाला भजन खल:, स्वयम्भूबाट अभिनन्दन ।
- स्थानीय बनेपाका केशवकाजी बैद्यबाट अभिनन्दन ।
- श्रीकीर्ति बौद्ध केन्द्रबाट ने.सं. ११२० बछलाथ्व ७ मा ताम्रपत्र प्रदान गरी अभिनन्दन ।
- विश्वशान्ति दायक सभा, विश्व शान्ति विहारबाट बि.सं. २०५७ सालमा अभिनन्दन ।
- बुद्धिष्ट कम्युनिकेशन सेन्टर, ललितपुरबाट ने.सं. ११२० बछलाथ्व ७ मा अभिनन्दन ।
- स्वयम्भू ज्ञानमाला भजन खल:बाट २०५१ मा सर्वप्रथम रत्नवत सिरपा:प्रदान गरी अभिनन्दन ।
- श्री ५ को सरकारबाट "प्रबल गोरखा दक्षिणबाहु (तृतिय श्रेणी)" प्रदान गरी अभिनन्दन ।
- संयुक्त म्यानमार सरकारबाट "अग्ग महासद्धम्म जोतिक धज" उपाधि प्रदान गरी धर्मदूत प्रथम श्रेणी घोषित गरेको ।

च. श्रद्धेय भिक्षु अश्वघोष महास्थविरका शिष्यहरूबाट रचित पुस्तक ग्रन्थहरूमा समर्पित गरी उहाँको गुणास्मरण गर्नु भएको पाइन्छ । उहाँका शिष्य भिक्षु संघरक्षित संघाराम "परियत्ति सद्धम्म कोविद"द्वारा रचित निम्न लिखित पुस्तकहरूको पाना पल्टाई हेर्नु भएमा देख्न र फेला पार्न सकिन्छ, ती पुस्तकहरू निम्न लिखित प्रकारका छन् । (जो शिष्य भिक्षु हाल निलम्बित अवस्थामा छन्)

१) श्रद्धा धन, २०५७

२) दृष्य, दृष्टि र बुद्ध, २०५७

३) चैनपुर भोजपुरको सेरोफेरो, २०५९

४) दुर्लभ जन्मदिन (कविता), २०५९

५) द्वंगु लँपुया च्व (कथा संग्रह), २०६०

६) लिच्व (कथासंग्रह), २०६०

७) अर्को शिष्य भिक्षु कोण्डण्यद्वारा रचित पुस्तक संक्षिप्त दीघ निकाय व मज्झिम निकाय, २०५६

८) अर्को शिष्य भिक्षु सम्यक सम्बोधि प्राणपुत्र (भिक्षु विशुद्धानन्द)बाट रचित पुस्तक आचार्य बुद्धघोष कृत "विशुद्धिमार्ग" २०५८


९) अर्को शिष्य भिक्षु सुशिलबाट रचित "ध्यान" पुस्तक २०५७ मा समेत उहाँ भन्तेको गुणानुस्मरण गरी, समर्पण गरी पुस्तक रचना गरेको हेर्न, देख्न र अध्ययन गर्न सकिन्छ ।

**२०. उपसंहार** : श्रद्धेय अग्ग महासद्धम्म जोतिक धज भिक्षु अश्वघोष महास्थविरज्यू, जो हाल नेपालको छैठौं संघनायक पदमा रही बुद्ध शासनिक कार्य अभिवद्धि, उत्थान गर्नमा तल्लिन हुनुहुन्छ । उहाँ एक बहुप्रतिभाशाली बौद्ध विद्वान, आदर्श गुरु, राष्ट्रिय अन्तर्राष्ट्रिय क्षेत्रमा स्व-पहिचान भइसक्नु भएका हुनुहुन्छ, बुद्धका अनुयायी चीवरधारी भिक्षुहरूकालागि मात्र होइन, समस्त बौद्ध एवं बुद्ध धर्मावलम्बीहरूको आदर्श र प्रेरक व्यक्तित्वका रुपमा प्रतिस्थापित हुनु भएका श्रद्धेय व्यक्तित्व हुनुहुन्छ । उहाँको अथक प्रयास र बुद्धशासनिक कार्य एवं चर्चाले गर्दा आज अधिराज्यका विभिन्न क्षेत्रमा बौद्ध जागरण भएको छ, बौद्ध साहित्य समृद्ध भएको छ । अनि धेरै कुलपुत्रहरूले स्वयंलाई रुपान्तरण गरी बुद्ध शासनमा प्रवेश पाएको छ र प्रवेश भै रहेको छ । उहाँको सुमार्ग निर्देशनले सही बाटोमा अग्रसर हुन सुअवसर समेत प्राप्त भएको छ । अझ भन्नु पर्दा, नेपालमा बुद्ध धर्मको समुन्नति, प्रगति एवं विकासको लागि श्रद्धेय भिक्षु अश्वघोष महास्थविरको योगदान उल्लेखनीय छ, प्रशँसनीय छ, सन्हाहनीय छ, अनि अनुकरणीय छ ।

समग्रमा भन्नुपर्दा श्रद्धेय अग्ग महासद्धम्म जोतिक धज भिक्षु अश्वघोष महास्थविरज्यू समस्त बौद्ध जगतका एक सिद्धहस्त आदर्श व्यक्तित्वको रुपमा देखा पर्दछ । उहाँको समर्पित जीवनी एवं उहाँले नेपालमा बुद्ध धर्मको उत्थान एवं प्रगतिको लागि पुऱ्याउनु भएको योगदानहरूलाई केलाएर हेर्दा उहाँ समस्त बौद्ध जगतमा मात्र सिमित नभइ समग्र व्यक्तित्वहरूका लागि एक आदर्श एवं प्रेरक व्यक्तित्व सावित हुन आउँछ । उहाँ राष्ट्रिय स्तरमामात्र सम्मानित व्यक्तित्व नभईकन अन्तर्राष्ट्रिय जगतमा समेत सम्मानित ख्याति प्राप्त व्यक्तित्व हुनुहुन्छ । चिरंतिठ्ठतु सद्धम्मो, लोको होतु सुखी सदा 'भवतु सब्ब मङ्गलं'

(ने.सं. ११३६ बछलागा-७, ई.सं. २०१६ मई २८, बि.सं. २०७३ जेष्ठ १५, बुद्ध सं. २५६०, शनिबार, नवौं गणतन्त्र दिवस)

किरण दुमरु
९८४१७३९११५
कृष्ण दुमरु
९८४१२०८८१०
सिद्धि गणेश काष्ठ उद्योग
Siddhi Ganesh Kastha Udhyog
जगाती-८ (सिपाडोल) भक्तपुर फोन: ६६१३५४१
यहाँ विभिन्न किसिम र साईजका काठ तथा फर्निचर सुपथ मूल्यमा पाईन्छ ।
साथै अर्डर अनुसार झ्याल चौकोस पनि बनाईन्छ ।



विभिन्न प्रकारका खाजाको साथै स्वस्थ र सफा खानाको लागि विनायक फास्ट फुड एण्ड सेकुवा कर्नर सेवामा सधैं हाजिर छ। आउनुहोस हामीलाई सेवा गर्ने अवसर दिनुहोस्।

विनायक फास्ट फूड एण्ड सेकुवा कर्नर
कमलविनायक-४, भक्तपुर, मो.नं. ९८४१५६३४५९
यहाँ विभिन्न प्रकारका खाजा पाउनुका साथै खानाको राम्रो व्यवस्था छ।

बौद्ध साहित्यिक पत्रिका
'अर्हत्' त्रैमासिक
निरन्तर प्रकाशनको
हार्दिक शुभकामना
व्यक्त गर्दछ।
बासु उमावि/बासु कलेज
कालिघाट, ट्यासी
फोन नं. ६६१५२५७, ६६१२०१४, ६६२०३००

# The Discovery of Lumbini

❍ *H.L. Singh*

That Lumbini is the site where the Buddha was born is proved by the Asokan Pillar erected around 249 B.C. by Emperor Ashoka.

In 1886, Khadga Shamshere, the brother of the then Rana Prime Minister Bir Shamshere, was sent to Tansen as Baba Hakim (the chief administrator) of Palpa. At that time Khadga Shamshere came to learn that there was something like a stone column in the jungle of Rupandehi. In the month of November, 1896, he made arrangements for the excavation. On December 1, 1896, a stone pillar was discovered with an inscription in the Brahmi script. The Study of the inscription of the pillar shed light on the fact it was erected by Emperor Ashoka in Lumbini.

Dr. Fuhrer was deputed by the Archaeological Survey of India to conduct the explorations in the Nepal Terai in 1896.

The engravings on the Ashoka pillar proved that the Buddha was born in Lumbini. But, on the question who discovered Lumbini, there is great difference of opinion among the researchers and archeologists. In most writings the credit for finding Lumbini is given to Dr.Fuhrer. On December 1, 1896, when only three feet of soil remained to be removed and the work was in progress, Further reached Lumbini to meet Khadga Shamsere. It was a coincidence that he had arrived at the time when Khadga Shamshere had excavated

the pillar. Fuhrer photographed the inscription on the pillar and also copied it. After the inscription was identified by the German Brahmi script expert Hultzsh, it became clear that Emperor Ashoka had erected the stone pillar in the place where the Buddha was born. But, the credit for publicizing this fact worldwide goes to Fuhrer. In the inscription, it has also been mentioned that a symbol or sign has been placed on the spot where the Buddha was born. In the excavation works begun in 1992 in the area where the temple of Mayadevi is located, the stone slab placed as the symbol was found in the sanctum-sanctorum of this temple by the archaeologists and researchers. This has further made it clear as to where exactly the Buddha was born in Lumbini. The stone slab was found after the excavation of three layers of ruins in the place where the Mayadevi temple is located.

The single most important place of Lumbini is the stone slab located deep in sanctum-sanctorum. Learning about the stone slab, internationally acknowledged archaeologists from India, Pakistan and Sri Lanka made inspection and accepted that the stone slab was the indicator sign of the birthplace of the Buddha.

That Lumbini was the birthplace of Buddha was established after the finding of the Ashoka Pillar in 1896. It proves that the place was in oblivion for some time. There is proof to suggest that Lumbini was a major pilgrimage site till the $14^{th}$ Century. The Naga King Ripu Malla of West Nepal came to Lumbini in 1312. Before that in 403, Chinese pilgrims Fa-hsien and in 636 Hsuan Tasng visited Lumbini. From their description it is evident that Lumbini was a place bustling with activity at that time.

The historians point out that Lumbini and Kapilvastu area turned into a jungle. The place again gained popularity only after the finding of the Ashokan Pillar.

# लुम्बिनी

✍ कविकेशरी चित्तधर हृदय

श्री व्ह्या च्वन लुम्बिनीया सुमन-सौरभ न्ह्याः वयाः,
प्रथम परिचय जूगु थन हे भी कवि व ऋतुराजया ।
कपिलवस्तु व देवदहया मध्यवर्ती कानन,
जन्म शास्ता जूगुलि गुगु स्थान अति हे पावन ।
छ्यौं फुसे विस्तीर्ण अम्बरयागु निर्मल अञ्चल,
क्वे च्वनाः थुगु न्ह्यूगु मुसुमुसु वाटिक-मुख-मण्डल
मृदु मृदु लताय् स्निग्ध कुञ्चित कुन्तले थ स्वां छुनाः
कमललोचन कृशकिशोरीयागु कोमलता क्यनाः ।
स्वामिया कर स्पश द्वारा कम्प ज्वीथें सुन्दरी,
वायु न्ह्यानाः संगु फर फर बृक्षया नव मञ्जरी ।
थःगु यौ वनयागु भारं नम्र ज्वी गय् कामिनी
तरु कचाय् फल सःगुलि कच्छुगु अय हे मेदिनी ।
छख्यर कोकिलयागु कूजन, उख्यर भृंगः चिलिचिलि,
पुष्पपुञ्जे चित्र चित्रित विविध लापा पिलि पिलि ।
कल्किस्वांया नाप थिकु थिकु मयुर प्याखं हूगलिं,
नयन मय जुल हरिण-शावक स्वेत ब्वां ब्वां वःगुलिं ।

शुकत हालाः च्वंगु पिउ पिउ बृक्षशाखां च्वे अथें,
पत्रपल्लव पूर्ण पादप गीत यानाः च्वंगु थें ।
कुञ्ज बनबन भ्रमर गुञ्जन मधुर न्हाय्पंयात नं,
मत्त मधुकरयागु भुनुभुनु मिनिगु खुलखुल चित्त नं ।
सीदु अन स्वांया सुगन्ध जक अजूस्वां नं व्हल,
धाइ मरुसां कर्ण-पत्रे कनककुसुम सुयाः तल ।

सरस फलया बृक्ष बुँव्ह्याः च्वंगु बन हे सुरभित,
कुसुमया उगु विपुल रंगं नेत्र नं जुल रञ्जित ।
न्ह्यू गु मुसुमुसु व्हूःगु जूही दन्त भ्गोथें स्वां क्यनाः,
पद्मिनी नं श्वास ल्हाः थें वैगु मगमग वासना ।
शरदऋतुया नाप वंपिं फुक इखुंचाया बथां,
थःगु थःछ्यैं म्हयाय्मचा थें वःगु ल्याहाँ नभ-पथं ।
शुभ्र सुन्दर शशक-शावक म्हितुगु गुलि लुचुलुचु
जुयाः
चन्द्रमाया चारु कण हे च्वंगु ज्वी वा कुतिवयाः ।
यक वानरया मुनाः गण जुल सिमाय् तिंतिं न्हुयाः,
प्रकट धात्थें जूगु चञ्चलता स्वयं थः हे वयाः ।
छख्यर माकःनीत ब्वांजुल योम्ह वालक धय्पुनाः,
मेख्य माकःतय्गु हुसुलं गूखि गुँखी मेपिं मुनाः ।
चुलित नकतिनि जाःगु पंब्वे फय. व कीचक किरि
किरि,
याःगु थें थँसिँमा सुस्वागत संगु च्वामौ फिरिफिरि ।

स्वच्छ शीतल नीर निमल ललित नाद् तरङ्गिनी,
न्ह्याःगु कलकल गीत हालाः कर्णया प्रिय संगिनीः,
तीर तट तोपूगु तिसिमां वैत चुम्बक याःगु थें
मन्द पवनं रव्वाःगुलिं भति लिचिल लज्जा चाःगु
थें ।
प्याः थचाः वैच्वंगु निगुलिं भ्गु सरिता तीरस,

पौ व तिँब्वया गहन बन नं खन्यदु खुसि थें हे फसं ।
वायुया गति सीदु अन वंगलसिमा या हः स्वयाः
सगु काञ्चन तुलसिहः थें कामिनीया कर्णया ।
छ्ख्य कुने हिसिदय्क म्वाय्मां स्तंभ थें ह्वातां दनाः
ल्हाः मुखूया विन्ति यानाः याःगु ज्वी अभ्यर्थना ।
मधु मुनाः च्वंगु क्वकास्वां व्ह्ःगु अय् थें च्वं बने,
तिलक केशरया तिनाः च्वन सुरभि द्रुम-सिहासने ।
गर्व जूपिं तरुकचा थें थः न्यकू बांलाःगुलि,
सीदु हर्षित तेरुतय् दल नयन मुसुमुसु न्ह्यू गुलिं ।
यचुगु ख्वाउँगु साःगु जल दुगु उगु बने सर यक्व दु
घन मदुगु मधुमासया नभ थें विशाल व स्वच्छगु,
भ्रमर भुंकाः थःगु मद बाः वःगु गुरु गण्डस्थले
मत्त वारण योम्ह करिणी नाप च्वंगु म्हिताः जले ।
कमलया दं सात्तु सालाः च्वंगु माहैं, हैं म्हिताः
श्वेत ब्वहलं न्यात मालाः च्वंगु नयत इता थिता ।

न्यातर्स्य अय धैगु मसिया जगु चुलु चुलु दुन्य लखे
कःलि ल्याःमदु न्यात गुलिगुलि । ब्यांत लुचुलुचु उख्य थुख्य ।
पूर्ण शोभित सुर्यरश्मि रक्त वसना कमलिनी,
प्रेम निम्हस्यां खंगुलिं क्वच्छुगु लज्जां कुमुदिनी ।
हः, व पुखुली राजहंसत म्हितुगुलिं लः संगुली
विहगबृन्दं नभस अभिनय याःगु छाया वःगुली
रश्मि रविया कःगुलिं उगु चित्रपट थें च्वंगुलिं
स्वयृत बनया पशुत वैच्वन यक्व नीमफु थुलिउलि ।
उगु तडागं लोक सःता क्यन्यत शोभा दुगु अन
यात पद्मपराग मिश्रित बायुया बिज्ञापन ।
ल्वयूक भुनु भुनु मधुर नाद व्याप्त यानाः स्थल जल
सुंक मधुकर नाप षट्पद कमल-मेचे जूवल ।
फल सिन्हाय्माय् सःगु थें तोप्वीक हे थिकु थिकु सनाः
हाःगु सः 'सुकुभत्तु कूकू' तायृदु अन च्वेसं जुनाः ।
तीतु 'त्यूत्यू' हाःगु तूब्वे दुन्य चिकं दुगु तू नयाः,
शब्द न्हांय्पंब्वे दु पिउ पिउ गीत न्हांय्पंपिलिचया ।
प्राय खन्य मदु रक्तचन्दन, अगरमा श्रीखण्ड नं
व्याप्त जूगु सुगन्ध न्ह्यानाः च्वंगु थें च्वं उगु बनं ।
छाःगु कुच दुगु हृदयया दुन्य प्रेम घानाः प्रणयनी
च्वंगु थें हे, सःगु नैक्याः दुरु सहित बृक्षवली ।

उच्च बंशज वीर क्षत्रियया धनुष-टङ्कार थें
सिंह गर्जन याःगु वेगं न्याःगु वर्षामेघ थें ।
म्येत ल्वानाः अभिगु न्यकुलिं पलपसा अन तोगुलिं
कृष्ण भल्लुकया बथानं ख्यूँक हे तोपूगुलिं
सातस्यं अन दुग्ध वर्षा याःगु पीन पयोधरं
सीदु वर्षा रुप धारण याःगु भ्री कुसुमाकरं ।
कठिन कंटक दूर यानाः जाःगु चुलि गुलि नवकली
बिन्ध चीकाः जुजु बसंतं राज्या याःगु बनस्थली ।
वःसि बुँ हूयाः रंगरञ्जित पाट-पसिं स्यगु थें,
जाःगु अंमाय् मञ्जरी नायू गु गां न्यइ च्वंगु थें ।
व्योम मार्गे च्वे क्वँलःखा थःन्य थाहाँ वैच्वन ।
प्यास चाःसां सरत तोताः चातकं थँः स्वइच्वन ।
छत्तु मानवयागु भाषा ल्हाइपिं मयना गण
पञ्जले पण्डित जुया च्वन प्राय छम्हं मदु थन ।
विविध बुत्तां जाःगु सुन्दर मृदु पपूया लं फिनाः
हूःगु स्वां थें च्वंगु मुनिया तरु कचाय् निम्ह निम्ह मुनाः ।
स्निग्ध सपलं शिरस शोभित जूम्ह मयृतुलुचा खनाः
दैधका हाउँगु दहेचां थः न्हिप्यं स्वइ च्वन ल्हूनाः ।

*(महाकाव्य सुगत सौरभबाट साभार)*

**क्रमशः**

# बर्माका एक विशिष्ट भिक्षु उत्तम महास्थविर

✍ रत्नसुन्दर शाक्य



२० औं शताब्दीको पूर्वार्द्धमा, बुद्धको विचरण भूमि भारतमा आई बुद्ध धर्म सु-प्रतिष्ठित पार्न विशेष योगदान दिन आउनु भएको केही विदेशी भिक्षुहरूमा भिक्षु उत्तम नै (Revoltama Bhikkhu) पनि एक प्रमुखहुनु हुन्छ ।

उहाँको जन्म १९ औं शताब्दीको सातौ दशक (सन् १८६०-७०) मा वर्माको अक्पाव (Akyab) स्थित एक मध्यम वर्गीय परिवारमा भएको थियो ।

अफशोचको कुरा उहाँ ५ वर्षको उमेरमै उहाँको पिताको निधन भएको थियो । अत: विधवा माताले नै उहाँलाई शिक्षाको प्रबन्ध मिलाइ दिए । उहाँले क्रमश: प्राथमिक, निम्न माध्यमिक एवं माध्यमिक शिक्षा (मैलिक) उत्तीर्ण भए पश्चात् लगतै स्थानीय एक कन्या विद्यालयमा शिक्षक भए ।

उहाँ शिक्षण पेशामा सिमित रहन चाहनु भएन अर्थात उहाँ शिक्षण क्षेत्रबाट अलग्ग भई देश-देशाबर (दुनियाँ) घुम्ने र अन्य केही गरेर देखाउने मनसाय लिइ बर्माबाट भारतको कलकत्ता शहरमा आइपुगे ।

तर, कलकत्ता शहर उहाँको निमित एक नयाँ देश, नयाँ भाषा न कोही मित्र न कोही सहायक न आफूसित पर्याप्त रकम हुनाको कारण सर्वप्रथम खान-पानको बन्दोबस्तको खातिरमा लागेको थियो । उहाँले निकै घुमफिर गरिसकेपछि बल्ल एक जवाहरात कहाँ क्रर्कको काम पाए । सो काम पाए लगतै उहाँले शिक्षामा पनि ध्यान दिए । उहाँले कलकत्ताको डफ कलेज (पछि स्काटेश चर्च कलेज) मा भर्ना भए र बंगाली भाषा सिकी बडो मेहनत गरी सोही भाषाको माध्यमबाट आइ.ए.पास गरे ।

उहाँले अध्ययनको क्रममा भारतमा विशेषत: मौर्यकालदेखि पालकाल सम्मको युग बौद्धकालको रुपमा रहेको र सो समय पछिमा भारतीय सभ्यता र संस्कृति निकै समुन्नत रुपमा रहेको जानकारी पाउन भएको थियो ।

यस्तै उहाँले भारतमा विशेषत १२ औं शताब्दीको अन्त एवं १३ औं शताब्दीको शुरुदेखि मुस्लिमहरूको आक्रमणको कारण बुहुधर्मको स्थिति निकै नाजूक हुँदै गएको र भारतीय सभ्यता र संस्कृति पतनोन्मुख हुँदै गएको वा अधोगतिमा पुगेको पनि तथ्य पत्ता लगाउनुभएको थियो ।

यसै कारण उहाँले भारतीय जनतालाई तथागतको शान्ति सन्देश आफ्नो तर्फबाट पनि सकभर व्यापक प्रचार प्रसार गर्ने हेतु कलकत्ताको नौकरी छोडी आफ्नो देश बर्मा पुगी सन् १८९१-९२ तिर प्रवृजित भए र आफ्नो देशमा प्रतिष्ठित हुनुभएका भिक्षुहरूसित ४ वर्ष पाली भाषा एवं बौद्ध-

धर्म दर्शन सम्बन्धी व्यापक अध्ययन मनन् गरे। यसपश्चात् उहाँ भारतमा आइ. बुद्ध-धर्मको प्रचार-प्रसारमा लागे।

उहाँले भारतमा हिन्दु पण्डितहरूसित धार्मिक चर्चा गरेको बेला उहाँहरूबाट अवगतगर्नु भयो कि भारतमा धार्मिक चर्चा गर्न संस्कृत भाषा एवं साहित्यको पनि विशेष ज्ञान हुनु अत्यावश्यक छ, तसर्थ उहाँले संस्कृत र हिन्दु शास्त्रको अध्ययन मनन् गर्न कलकत्ताबाट वाराणसी आइपुगे। वाराणसी (काशी-बनारस) को क्वीन्स कलेजमा उहाँले ३ वर्षसम्म हिन्दु शास्त्रको अध्ययन मनन गरे। त्यसपछि पुन:उहाँ वर्षदिन भारतीय संस्कृतिको प्रत्यक्षा नुयुत्ति गर्न बंगालदेखि पेशावर र काश्मिर देखि मड्राससम्म निरन्तर घुमफिर गरी भारतीय जनमानसको प्रवृति वारे पनि अनुभव जाकारी प्राप्त गर्दै लगे।

यसप्रकार भारतको विभिन्न प्रदेशहरूमा घुमफिर गरी स्थानीय राजनीतिक नेताहरूसित पनि सम्पर्क राख्दै आउनुभएका भिक्षु उत्तम सन् १९०४ मा इङ्गलैण्ड पुगे। उहाँले केम्ब्रिज र अक्सफोर्ड विश्वतिद्यालयमा पनि पुगी त्यहाँको शिक्षा प्रणालीको वारेमा पनि जानकारी प्राप्त गरे। उहाँ लण्डनमा रहनुभएको वेला वेरिस्टर बन्ने चाहना पनि गर्नु भएको थियो। यसको खवर वर्मामा उहाँको आमाले थाहा पाउनासाथ पुत्रलाई खवर पठाए कि तिमी त्यागी (भिक्षु) जीवन विताइरहेका व्यक्तिले त्यस्तो शिक्षाको अध्ययन नगर जुन शिक्षामा कयौं सत्य-असत्य, छल-प्रपंच गर्नु पर्ने हुन्छ। माताको आदेशलाई भिक्षु उत्तमले सहर्ष स्वीकार गरी वैरिस्टर वन्ने अनेट छोडी सन् १९०५ मा भारतमै फर्के।

भारतमा उहाँको सम्पर्क नेशनल युनिवर्सिटीका प्रिन्सिपल अरविन्दघोषसित पनि भयो। उहाँले भिक्षु उत्तमलाई आफ्नो विश्वविद्यालयमा पाली प्राफेसरको रुपमा नियुक्ति गरे। भिक्षु उत्तमले त्यहाँ वर्ष दिन मात्र पाली अध्यापन कार्य गरी पुन: बर्मा फर्के।

बर्मामा उहाँले एक डेढवर्ष जति राष्ट्रिय जनजागृतिको कार्यमा लागे। त्यसपश्चात उहाँ जापान पुगे र त्यहाँ स्थित क्योटोको बौद्ध विश्वविद्यालयमा ३ वर्षको निमित्त पालीभाषा एवं बौद्ध दर्शनका प्रोफेसर नियुक्त भए। जापानी विद्यार्थीहरूलाई अध्यापनार्थ उहाँले जापानी भाषा पनि चाँडै सिकेको थियो। जापानमा उहाँले जापानीहरूमात्र होइन कयौं चीनी प्रतिभावान नवयुकहरूसित पनि घनिष्ठता बढाएको थियो।

त्यसताका उहाँले सम्पर्क राख्नुभएका चीनी नवयुवकहरूमा भावी चीनकौ पिता एवं राष्ट्रपति डा. सन-यात सेन (सन् १८६६-१९२५) पनि एक थिए।

भिक्षु उत्तमले जापानको क्योटो विश्वविद्यालयमा ३ वर्ष अध्यापन कार्य गरी त्यसबापत पाएको रकमले विश्व भ्रमण सुरु गरे। उहाँ कोरिया, चीन, मेगोलिया मन्चुरिया साइवेरिया हुँदै युरोप पुगे। यूरोपका कयौं देशको अवलोकन पश्चात् उहाँ संयुक्तराज्य अमेरिका हुँदै अफ्रिका पुगे। अफ्रिकामा केही दिन रही उहाँ स्वदेश (बर्मा) फर्के।

सन् १९१२ मा उहाँ पुन: १२ जना बर्मा विद्यार्थीहरूलाई औद्योगिक शिक्षा दिलाउने हेतु विदेश पुगे। ती विद्यार्थीहरूको बीचमा उहाँको एक बहिनी पनि थिए। तिनीहरूमध्ये ६ जनालाई जापानमा र बाँकि अन्य ६ जनालाई अमेरिका पुऱ्याई त्यहाँको स्कूलमा भर्ना गरिदिए। उहाँ अमेरिकाबाट जापान

फर्के। त्यसैबेला प्रथम विश्व युद्ध सुरु भएको थियो। विश्व युद्धको भयावहस्थितिमा पनि उहाँ निर्भिकताका साथ जहाँजीयात्रा गरी अष्ट्रेलिया महादेशमा पुगे। अष्ट्रेलियामा यत्र तत्र घुमफिर गरी उहाँ दक्षिण पूर्व एशियाको द्वीप समूह / सुमात्रा, जावा, बेर्नियो हुँदै कम्बोडिया पेनाङ्ग सियाम (थाइलैण्ड) भई बर्मा फर्के।

आफ्नो विश्वभ्रमणको दौरानमा उहाँलाई एउटा कटु अनुभव यो भयो कि उहाँ पराधीन देशका बासिन्दा हुनाको कारण बुद्ध धर्मको व्याख्यान दिने समयमा पनि पराधिन देशको व्यक्तिको भाषण भनी हेलचक्राई गरेको महशुस निकै ठाउँमा गर्नु परेको थियो। अत: उहाँ बर्मा पश्चात् भारतमा आइ अधिक समय विताउने व्यक्ति हुनाको कारण भारतमा बृतिशको अधिनतालाई निर्मूल (स्वतन्त्र) गर्नमा उहाँले पनि एक सिपाही (सेनानी) को भूमिका निर्वाह गर्नुभएको थियो।

भिक्षु उत्तमले सन् १९०५ देखि १९२० सम्म स्वतन्त्रै रुपमा सार्वजनिक गतिविधिहरूमा लाग्दै रहनु भएको थियो। सन् १९२० देखि उहाँ भारतीय कांग्रेसमा सामेल हुँदै आएको थियो। त्यस दौरान सन् १९२०-२१ को असहयोग आन्दोलनमा लागेवायत उहाँ वर्षदिन भारतीय जेलमा पनि रहनुभएको थियो। उहाँ जेलबाट मुक्त भई सन् १९२२ को दिसम्बर महिनामा गयामा सम्पन्न कांग्रेसको सम्मेलनमा सम्मिलित हुन आउन भएको थियो।

गयामा सम्पन्न कांग्रेसको उक्त अधिबेशनमा छपरा जिल्ला कांग्रेसका मन्त्री रामोदर साधु (पछि महापण्डित राहुद सोकृत्यायन) ले बुद्ध गया मन्दिरको बारेमा राखिएको प्रस्ताव बुद्ध गयो। मन्दिर बौद्धहरूको हातमा सुम्पिनु पर्नेलाई भिक्षु उत्तमले सहर्ष अनुमोदन गरेको थियो।

गया-कांग्रेस पश्चात् भिक्षु उत्तम महास्थविर सन् १९२३ को शुरुमै युरोप पुग्नु भयो। त्यहाँ वर्षदिन रही उहाँ वर्मा फर्के। बर्मामा उहाँ एक जोडदार राजनैतिक आन्दोलनमा लागे वापत उहाँलाई ३ वर्षको जेलको सजाय दियो। जेलबाट मुक्त भइ उहाँ पुन: सन् १९२७ को दिसम्बरमा मद्रासमा सम्पन्न कांग्रेसको सम्मेलनमा आइपुगे। यस सम्मेलन पश्चात् पनि उहाँ ६ महिना फर्मोसा (ताइवान) चीनको शाँघाइ शहर र जापानमा पुगी सन् १९२८ को १७ जुनका दिन कलकत्ता आइपुगे।

त्यसताका कतकत्तामा उहाँसित विशेष सम्पर्क राख्ने मौका नेपालका बौद्ध विद्वान धर्मादित्य धर्माचार्यले वंगाली बौद्ध विद्वान बेणीमाधव बरुआ (सन् १८८८-१९४८) सित सहयोग लिई "Buddhist \India" नामक त्रैमासिक पत्रिकाको सम्पादन एवं प्रकाशन गर्दै आइरहनु भएको थियो। यसै पत्रिकामा सन् १९२८ को जून अंकमा भिक्षु उत्तमको सन्देश प्रकाशित गरिएको थियो।

भिक्षु उत्तम महास्थविर पुन: बर्मा एवं श्रीलंकाका केही युवाहरूलाई साथ लिइ जूनको अन्तमा जापान प्रस्थान गरे। जापानमा वर्ष दिन रही भारतमा फर्कनुभयो र उहाँ विशेषत: बम्बईस्थित एक मेडिकल डाक्टर-ए.एल.नायर (A.L.Nair) को आतिथ्यमा रहनु भएको थियो।

स्मरणीय छ, डा.नायरले सन् १९२२ मा बम्बईमा Buddha Society नामक एक संस्था स्थापना गर्नुभएको थियो। उक्त संस्था उहाँकै अध्यक्षतामा स्थापना भएको थियो त उहाँकै तर्फबाट यसको एक दशक पछि सन् १९३१ मा आफ्नै अस्पतालको भूमि (

क्षेत्र)मा आनन्द विहार नामक एक बुद्ध विहारको पनि निर्माण गर्नुभएको थियो। यस्तै उहाँले सन् १९३३ देखि 'बुद्ध प्रभा' नामक एक पत्रिका पनि सम्पादन एवं प्रकाशन गर्दै आउनु भएको थियो।

डा. ए. एल. नायरका केही मित्रहरूमा विशेषत: प्रो.एन.के. भागवत (N.K. Bhagwat) र के.ए. पाध्येय (K.A. Padhye) लाई प्रमुख रुपमा लिन सकिन्छ। यहाँहरू द्वयले डा.नायरको बौद्ध धर्मइत कार्यमा अत्यधिक सहयाग गर्नुभएको थियो। यहाँहरू सम्मिलित Buddha Society संस्थालाई विशेष सहयोग गर्ने वालाहरूमा श्रीलंकाका अनगारिक धर्मपाल (सन् १८६४-१९३३) र वर्माका भिक्षु उत्तम प्रमुख रुपमा रहेको उल्लेख गरिराखेको छ।

सन् १९३४ मा डा.ए.एल.नायरको निधन पश्चात् भिक्षु उत्तम महाराष्ट्र प्रदेश (बम्बई) छोडि उत्तर प्रदेशमा आउनु भयो। त्यसताका सम्ममा उहाँको सम्पर्क भारतका कयौं प्रतिष्ठितमा कयौं नेताहरूका साथै भारतका एक सुप्रसिद्ध सेठ जुगलकिशोर बिडला (सन् १८८३-१९६७) सित पनि भइसकेको थियो। सेढ युगल किशोर विडला हिन्दु बौद्ध एकता (प्रदर्शन)का पक्षधर थिए, उहाँकै आग्रहमा कानपुर (उत्तर-प्रदेश) मा भएको अखिल भारतीय हिन्दु महासभाको १६ औं अधिवेशन भिक्षु उत्तमको अध्यक्षतामा सम्पन्न गरिएको स्मरणीय छ।

भिक्षु उत्तम महास्थविरले पनि बौद्धधर्मका अनेक पक्षलाई समस्त भारतीय हिन्दुहरूलाई अवगत गराउने हेतु निर्भीक रुपमा त्यसको अध्यक्षता ग्रहण स्वीकार गर्नु भएको थियो। उक्त हिन्दु महासभाको अधिवेशनमा भारत लगायत श्रीलंका, बर्मा, जापान आदि देशका बौद्ध प्रतिनिधिहरूलाई विशेष रुपमा सम्मिलि गराई अधिवेशन सफलतापूर्वक सम्पन्न गराउनुभएको वडो उल्लेखनीय छ।

भिक्षु उत्तम महास्थविरको एक विशेष उल्लेखनीय योगदान हो - त्रिपिटकको सूत्र पिटक अन्तर्गत खुद्दक निकायको १५ वटा ग्रन्थहरूमा ११ वटाको देवनागरिक लिपिमा प्रकाशन कार्य यी ग्रन्थहरू भारतका सुविख्यात ३ जना भिक्षुहरू राहुल सांकृत्यायन आनन्द कौशल्यायन र जगदीश काश्यप भिक्षुहरूले सम्पादन गरेका हुन्।

सन् १९३७ (बि.सं. २४८१) मा प्रकाशित ती ग्रन्थहरू प्रत्येकमा उत्तमभिक्खुना पकासितो भनी उल्लेख गरि राखेको छ। भिक्षु उत्तम महास्थविरले यी पाली ग्रन्थहरू आफ्नो आमाबाट प्राप्त (बुद्ध धर्म प्रचारको निमित्त विशेष प्रदान गरिएको) एकमुष्ठ रकमबाट सम्पन्न भएको हो।

अन्तमा भिक्षु उत्तमले आफ्नो झण्डै ७ दशकको जीवनकाल भरतमा भारतीय राजनैतिक कार्यकर्ताको रुपमा रही भारतमा आफ्नो अर्ध जीवन विताई बुद्ध धर्मको सक्दो प्रचार प्रसार गरी आखिरमा आफ्नै मातृभूमि बर्मामा ९ सेप्तेम्बर १९३९ का दिन आफ्नो देह परित्याग गर्नुभएको थियो।

सन्दर्भ

१. भिक्षु उत्तम बुजमोहन बर्मा
विशाल भारत पत्रिका
भाग-१६, अंक-२ (भाद्र १९९२)
२. भिक्षु उत्तम - भदन्त आनन्द कौशल्यायन
वर्ष-१५, अंक ४ (अग्रष्ट, १९५०)
३. भिक्षु उत्तम - रत्नसुन्दर शाक्य
विश्व-शान्ति पत्रिका
वर्ष १०, अंक १० (बैशाख, २०५७)

# बुद्ध धर्ममा मानवतावाद

✍ सुश्री अरणीतारा बज्राचार्य

बुद्ध धर्मको मौलिक सिद्धान्त नै सम्पूर्ण मानव जातिको हित, सुख र कल्याण गर्नु हो। महामानव गौतम बुद्धले दिनु भएका उपदेशहरू कुनै विशेष समूह वा सम्प्रदायका लागि मात्र नभई सम्पूर्ण मानवजातिको हित, सुख र कल्याणको लागि हो। भगवान बुद्धको शिक्षालाई महिला, पुरुष, उच्च जाति, नीच जाति, धनी, गरीव सवै वर्गका मानव जातिले अध्ययन मनन गरी आफनो जीवनमा प्रयोग गर्न सकिन्छ। बुद्ध धर्ममा कुनै प्रकारको भेदभाव हुँदैन। जसले धर्मलाई धारण गर्छ उस्लाई धर्मले नै रक्षा गर्दछ। 'धम्मो हवे रक्खति धम्मचारी।'

भगवान बुद्धले बुद्धगयामा सम्यक् सम्बोधि प्राप्त गरी सक्नु भएपछि वाराणसी इसिपतन मृगदावनमा सर्वप्रथम पाँचजना पञ्च वर्गीय भिक्षुलाई धर्मचक्र प्रवर्तन सुत्र देशना गर्नुभयो। भगवान बुद्धले आफना शिष्यहरूलाई शुरुमा कल्याण हुने, मध्यमा कल्याण हुने र अन्तमा कल्याण हुने यस धर्मलाई बहुजन हित र बहुजन सुखका निम्ति यस संसारमा चारिका गर्नु भनी निर्देशन दिनु हुँदै निम्न गाथा आज्ञा, गर्नु भयो - भन्दा पनि विशेष स्थान **चरथ भिक्खवे चारिकं बहुजन हिताय बहुजन सुखाय लोकानुकम्पाय, अत्थाय हिताय, सखाय देवमनुस्सान। देसेथ आदि कल्याणं, मज्झे कल्याणं परियोसान कल्याणं।**

मानवमूल्य दुर्लभ: भगवान बुद्धका उपदेशहरूमा हामी मानवतालाई मुख्य जोड दिएको पाउँछौ। उहाँले पाँच प्रकारका दुर्लभ मध्यमा **मनुस्सभावं दुर्लभ** अर्थात मनुस्स भाव दुर्लभ छ भनी मानवलाई देव, ब्रघ्मा आदिको स्थान दिनु भएको छ। यस महापृथ्वीमा भएको धुलो र भगवानको नङमा रहेको धुलो बीच तुलना गरी यस संसारमा मनुष्य भई जन्म ग्रहण गर्नु यस नङको धुलो समान छ यस मनुष्यजन्म ग्रहण दुर्लभ देशना **नखसिख** सुत्तमा पाइन्छ।

त्यस्तै, मज्झिम निकाय ग्रन्थको बाल पण्डित सुत्र मा महासमुद्रमा एउटा सानो प्वाल भएको काठ फयाँकिएको छ। त्यस काठलाई समुद्रका छालहरूले कहिले उत्तर दिशा, दक्षिण दिशा, पूर्व र पश्चिम दिशातर्फ बगाउँछ। त्यसै समुद्रमा एकंजना अन्धो कछुवा बस्छ जस्ले सय वर्षको एकचोटी आफ्नो टाउँको निकाल्छ। त्यस महासमुद्रमा सो काठको प्वाल भित्र त्यो अन्धो कछुवाको टाउँको भित्र पस्ने बरु सम्भावनाहरू धेरै छन् तर मनुष्य जन्मबाट च्यूत भै फेरि मनुष्य जन्म प्राप्त गर्न धेरै कठिन छ भनि मनुस्सभाव दुर्लभको आज्ञा गर्नु भयो।

***सर्वसत्तावादीको अन्त***

महामानव गौतम बुद्ध देव र मनुष्यका शास्ता, गुरु हुनुहन्छ। देव मनुष्यहरूका गुरु भएर पनि उहाँ प्रथम: मनुष्य हुनुहन्छ। भगवान् बुद्ध मनुष्यरुपमा सम्बुद्ध हुनुहुन्थ्यो, अर्थात **'मनुस्सभूतं सम्बुद्ध'** सम्बोधि

मानव जीवनको उच्चतम उपलब्धि हो , जुन देव व्रह्माहरूले समेत प्राप्त गर्न नसकिने ज्ञान हो ।

परम्रागत धारण अनुसार मान्छेको सुगति देवता हो भन्ने रहेको थियो तर भगवान् बुद्धले देवताहरूको सुगति मनुष्य जन्म हुनु हो भन्ने आज्ञा गर्दै यस कुराको खण्डन गर्नु भएको छ-**मनुस्यत्तं खो भिक्खवे, देवानं, सुगतिगमानं....**। सम्बोधिलाई साक्षात्कार गर्ने शक्ति मनुष्यहरूमा मात्र निहित भएको हुनाले देवताहरूले समेत मनुष्यत्वलाई गौरव गर्दछन् ।

***जातिय समानता***

भगवान बुद्धले तत्कालिन जातिय असमानता सामाजिक भिन्नताको बिरुद्ध आवाज उठाउनु हुँदै वसल सुत्रमा यस प्रकार आज्ञा गर्नु भएको छ-

'न जच्चा वसलो होति न जच्चा होति ब्राह्मणो । कम्मना वसलो होति, कम्मना होति ब्रह्मणोति ।

कुनै पनि व्यक्ति जातिले ब्राम्हण हुँदैन, न त कुनै व्यक्ति जातिले नै चण्डाल हुन्छ । कुनै पनि व्यक्तिको कर्मले नै त्यसलाई ब्राह्मण बनाउँछ र चण्डाल पनि बनाउँछ भनी मानव कर्मलाई प्रधानता दिनु भएको छ न कि उसको जातिलाई त्यस्तै उहाँले भिक्षुसंघमा पनि जातिलाई कुनै स्थान दिनु भएको छैन ।

त्यस्तै वहाँले भिक्षुसंघमा पनि जातिलाई कुनै स्थान दिनु भएको छैन । ठूल्ठूला नदीहरू जस्तै: गंगा, यमुना, अचिरवति आदि समुद्रमा मिलेपछि यिनीहरूको आफनो पूर्ववत नाम बिलाएर मात्र समुद्र नामा करण भए जस्तै समाजका विभिन्न वर्ग, कुलबाट आएका व्यक्तिहरू पनि गृह जीवन त्याग गरि पितवस्त्र धारण गरिसकेपछि उस्को पहिलेको जाति बिलाएर सबै एक समान भई भिक्षु कहलाइन्छ ।

***लैङ्गीक समानता***

भगवान बुद्धले नारीजातिलाई पनि आध्यात्मिक उन्नतिको क्षेत्रमा पुरुष जाति समान नै धर्म पालन गर्ने समान सुअवसर दिनु भएको छ । भगवान बुद्धले नारीजातिलाई पनि पुरुष जाति समान गृहवास त्यागी भिक्षुणी संघमा प्रवेश भई संसारिक दु:ख र कष्टलाई सदाको निमित्त निरोध गरी निर्वाणलाई साक्षात्कार गर्न ठूलो सुअवसर दिनु भएको छ । यसरी भगवान बुद्धले नर र नारीलाई समानतादिई नारी समाजलाई महत्वपूर्ण योगदान दिनु भएको छ ।

भगवान बुद्धले देशना गर्नु भएको सातवटा अपरिहानिय धर्म मध्ये नारीलाई सम्मुचित सम्मान गर्नु पनि रहेको छ । यही धर्म अनुसरण गरेर नै त्यसबेलाको वज्जी गणतन्त्र वैशाली सम्मुन्नति भएको थियो । केही बुद्ध कालिन घट्नाका उदाहरण-

- एक समयमा राजा कोशल राज प्रसेनजित जेतवन बिहारमा जानुभई भगवानलाई वन्दना गरि एक छेउमा बसिरहनुभएको थियो । त्यसबेला राजदरबारबाट एकजना दूतले मल्लिका महारानीले छोरी जन्माएको खबर सुनाए र छोरी जन्मेको खबर सुनी राजाले न्याउरो मुख पाऱ्यो । तत्कानलिन घटनालाई लिएर प्रसेनजित महाराजलाई भगवान बुद्धले निम्न गाथाहरू आज्ञा गर्नु भयो -

इत्थीपि हि **एकच्चिया, सेय्या पोस जनाधिप मेधाविनो सीलवती, सस्सुदेवा पतिब्बता । तस्सा यो जायति पोसो, सुरो होति दिसम्पति । तादिसा सूभगिया पुत्तो रज्जं पि अनुसासति ॥**

नारीहरू पनि बुद्धमती, शीलवती र श्रेष्ठ हुन्छन् । उनीहरू शीलले सम्पन्न भै आफूभन्दा

ठूला, गण्यमान्यहरूलाई आदर गौरब राख्दछन्। आफ्ना ससुराहरूलाई देवता समान गौरब राखी आफनो कर्त्तब्य पालन गरी मानसत्कार गर्दछन्। आफना पतिब्रता धर्म पालन गरी श्रेष्ठ उत्तम हुन्छन्।

यस्ता नारीबाट जुन सन्तानको जन्म हुन्छ ती सन्तानहरू शुर, वीर भई प्रख्यात भई दिशा प्रमुख हुन्छ। यी सौभाग्यवतीका सन्तानहरूले ठूला राज्य अनुशासन गरी विश्वलाई सुख शान्ति दिलाउँछ। त्यसैले हे महाराज ! तपाईको यो कर्तव्य हो कि तपाईले यस सन्तानलाई राम्ररी पालनपोषण गर्नुस्।

जब भगवान बुद्ध अन्तिम पल्ट बैशालीमा महापरिनिर्वाण हुन केही समय पूर्व आउनु भयो। बैशालीको प्रमुख गणिका आम्रपालीले सो कुरा सुन बुद्धको दर्शन गर्न आए र भोलिको निम्ति भगवान् बुद्ध प्रमुख भिक्षुसंघलाई भोजनको निम्ति निमन्त्रणा गरिन्। भगवानले बिना हिचकिचाहट उनको निमन्त्रणालाई स्वीकार गर्नु भयो। भोजन पश्चात् उनले आफना सुन्दर आम्रवन (आँपकोवन) भिक्षुसंघलाई दान दिइन् र पछि आफ्नो शरीरको अनित्यता स्वभावलाई अवलोकन गरी उनी अरहन्त भइन्।

भगवान बुद्धले नारी जातिलाई सम्मान गर्नुहुँदै- **'माता मित्तंस घरले'** आफ्नौ घरमा आमा नै मित्र हो। **'भार्य्या परम सखा'** पत्नी नै आफ्नो मित्र हो भन्ने आज्ञा गर्नु भएको छ।

### *सामाजिक बिषमताको अन्त*

सामाजिक दृष्टिकोणबाट पिछडिएका र निम्नवर्गका नारीहरूको पनि बुद्ध शासनमा महत्वपूर्ण स्थान रहेको छ। उदाहरणको लागि शिकारी पुत्री चापा, दासी पूर्णा, दासी खुज्जुतरा बहुश्रुता श्राविका उपासिकाहरूमध्येमा अग्र गरीबकुलमा जन्मेकी सुमङ्गलमाता, बैशालीका प्रमुख गणिका आम्रपाली आदि।

त्यस्तै समाजका गन्यमान्य धनीकुलका नारीहरूको पनि यस बुद्ध शासनमा ठूलो स्थान छ जसले तन, मन र धनले शासनको रक्षा गर्न पछि परेन। उदाहरणका लागि बिशाखा उपासिका अर्थात 'मृगार माता' जस्ले करडौ धन लगाई मृगारमाता प्रसाद बनाई धिक्षुसंघलाई दान दिनु भयो। उहाँ श्राविका दायिकाहरू मध्येमा अग्र हुनुहुन्छ। त्यस्तै राज महिषी महाप्रजापति गौतमी - बुद्धमाता, सर्वप्रथम भिक्षुणी हुनभएको थियो। मगध राष्ट्रका बिम्बिसार राजाका महारानी खेमा स्थविरा, कोशल राजा प्रसेनजितका राज महिषी मल्लिका माहारानी, कोशम्बीका राजा उदेनकी महारानी श्यामावती आदि बुद्ध शासनको सम्बर्द्धनमा महत्त्वपूर्ण भूमिका निभाउनु भएको थियो। त्यस्तै अति दुःखित र कारुणिक नारीहरूमा पटाचारा विनयधरहरूमध्ये अग्र थिइन् र कृषा गौतमी आदि पनि बुद्ध शासनमा महत्वपूर्ण स्थान रहेको छ।

समाजमा विपन्न र निम्नवर्गका नारीको शासनमा महत्ता भए जस्तै विपन्न र निम्नवर्गका पुरुषको पनि महत्वपूर्ण स्थान रहेको छ। उदाहरणका लागि उपालि गृहपति, अंगुलिमाल जस्ले ९९९ मान्छेको हत्यागरी मान्छेको औंलाको माला लगाउँदै हिड्दथ्यो। कपाल काट्ने नाई कुलबाट आउनु भएका भिक्षु उपालि विनयधरहरू मध्ये अग्र हुनुहुन्छ। त्यस्तै निर्धन गरीब सोपाक, चण्डाल, सोपाक आदि जस्तै उच्च, सम्पन्न, धनीवर्गबाट बुद्ध शासनमा प्रवेश गर्ने व्यक्तिहरू मध्ये केही उदाहरणहरू तप्पसु र भल्लुक जस्ता ठूला व्यापारी, सर्वप्रथम बुद्धको शरणमा जाने व्यक्तिहरूमा यश र उस्का साथीहरू सम्पन्न,

धनीकुलपुत्रहरू, जटिल दाजुभाईहरू ब्राम्हणकुलबाट अग्रश्रावक सारिपुत्र र मौद्गल्यान सम्भ्रान्त ब्राम्हण कुलबाट, राजा विम्बिसारद्धारा वेलुवन दान, सेठ अनाथपिण्डिकले जेत राजकुमारको जग्गा सुन विछ्याएर खरीद गरी भव्य विहार निर्माण, श्रावक दायकहरू मध्येमा अग्र त्यस्तै गन्धार नरेश पुष्करसाति, राजा प्रसेनजित, राजा महाकप्पिन, राजा अजातशत्रु, अभय राजकुमार आदिले आफ्नो धन सम्पत्ति, यशको सही सदुपयोग गरी धर्मानुसार आफनो जीवनयापन गरी विश्वलाई सुख शान्ति दिलाए ।

यी माथिका विभिन्न उदाहरणबाट यो पुष्टी हुन्छ धर्ममा समाजका विभिन्न वर्गहरू ब्राम्हण, राजा, पण्डित, बुद्धिजीवीवर्ग, सेठ, व्यापारी, निम्नर्ग गणिका, दासदासी सबैलाई समानरुपले महता वा उचित स्थान दिएको छ । बुद्ध धर्मले मानवको व्यक्तिगतका साथै यमाज, राष्ट्रका हित सुखका निम्ति विभिन्न प्रकारका वर्ग वा सबैलाई सदा स्वागत गर्दछ ।

सामाजिक न्यायको एउटा अतुलनिय उदाहरण तथागत गौतम बुद्धले दीघनिकाय ग्रन्थको सामान्यफल सुत्रमा आज्ञा गर्नु भएको छ जस अनुसार जब कुनै व्यक्ति भिक्षुसंघमा प्रवेश गर्दछ तब उस्ले राजा र प्रजामा गरिने व्यवहारमा कुनै फरक पर्दैन ।

***वर्णमा समानता :***

रंगभेद नीतिको बुद्ध धर्ममा कुनै स्थान छैन । हामीलाई थाहा नै छ यही रंगभेद नीतिका कारण नै युरोप, अमेरिका, अफ्रिकामा कयौं हिंसात्मक घट्नाहरू घटे । बुद्ध धर्ममा वर्ण कालो गोरो हुनुका कारण कुनै व्यक्तिहरू बीच भेदभाव छैन यसको एउटा राम्रो उदाहरण हामी 'कुस जातकमा पाउछौं ।

***मानव सेवा नै परम धर्म***

तथागतले मानव सेवालाई महत्वपूर्ण स्थान दिनु हुँदै यो नै परम धर्म हो भन्ने कुरा आज्ञा गर्नु भएको छ । उहाँ स्वयंले बिरामी भिक्षु पुत्तिगत्त तिस्सलाई उपस्थापक आनन्दको मद्दतले सेवा गर्नु भएको थियो । 'जस्ले बिरामीहरूको सेवा गर्छ उस्ले तथागतको सेवा गरेको सरह नै हुन्छ' भनी आज्ञा गर्नु भै मानवसेवालाई उच्चतम सेवाको स्थान दिनु भएको छ । त्यस्तै उपासिका सुप्रियाले बिरामी भिक्षुहरूको उपचार गर्ने क्रममा आफनै तिघ्राको मासु सम्म पनि दान दिएका जस्ता अतुलनीय उदाहरणहरू हामी बुद्धकालिन घटनाहरूमा पाउँछौं ।

त्यस्तै दिन दुःखी भोक प्यास लागेका व्यक्तिहरूलाई अन्न, वस्त्र दान दिनु पनि मानव कर्तब्य हो भन्ने कुरा बुद्धले सिकाउनु भएको छ । अनाथहरूलाई पण्डी (भोजन) दान दिने भएकोले नै श्रावस्तीको सेठको नाम अनाथपिण्डिक रहन गएको एउटा अर्को बुद्धकालिन घटनाबाट पुष्टी हुन्छ । भगवान बुद्धले मानवको ध्वंस, विनाशहुने कार्यहरू, प्राणीहरूको किनवेच, शस्त्रअस्त्रको व्यापार र बिषको व्यापारलाई पूर्णरुपमा निषेध गर्नु भएको छ । शस्त्रअस्त्रका कारण नै आज लाखौं निर्दोष मानिसहरूको ज्यान त्यसै खेर गैईरहेको छ ।

महामानव गौतम बुद्धले मानवमा मानवीय गुण उंजागर गर्न चतुब्रम्ह विहार मैत्री, करुणा, मुद्दिता र उपेक्षा धर्म निर्देशन गर्नु भएको छ । यसरी समष्टिगत रुपमा हेर्दा बुद्धधर्म नै मानव धर्म हो बुद्धधर्मले नै सम्पूर्ण मानवमात्रको अर्थ, हित, सुख र कल्याण गर्दै यस अथाह भव रुपी संसारबाट पार लगाई पाम सुख निर्वाण साक्षात्कार गरी मानव जीवनको उच्चतम, अतुलनीय र महानतम उपलब्धी हासिल हुन्छ ।

॥ भवतु सब्ब मंगलं ॥

# थिमिइ च्वंगु बिहार (बाहा)

## परिचय

ख्वपया पश्चिमपाखे हनुमन्ते खुशी व मनोहरा खुशी दथ्वीयागु लागायात थिमि धाइगु खः। थ्व नं स्वनिगःया किरातिकालीन बस्ति मध्ये छगू खः । लिच्छवीकालिन अभिलेखय् थ्व थाय्यात 'थेम्मृङ्ग' धका उल्लेखयाना तःगु दु । थिमिया पूर्वरुप 'थेमृङ्ग' खः धैगु इतिहासकार तय्गु धाःपू दु । विक्रम संवतया संवतसर ज्वीइगु दिनय् थन ज्वीइगु स्वीनिखाः (३२ खत) ख जात्रा (बिस्का जात्रा) नेपाः देयागु छगू प्रसिद्ध जात्रा कथं विश्वय् नां जाः । थ्व थाय् चाःया थलबल व वाउँचा तरकारीया लागि नां जाः ।

स्वयम्भू पुराणया विवरण कथं महामञ्जुश्री नेपालमण्डलया लः फुक्कं पितछ्वय् धुंका खड्ग बान्किगु दे दय्कगु खः । थ्व खड्ग बान्किगु देया लागा दक्षिणया बाग्मती व बिष्णुतीया संगमय् चु ( बींड) खःसा उत्तरय् खड्गया च्वय्यागु ब्व थिमि लाना च्वंगु दु धकाः उल्लेखयाना तःगु दु ।

थ्व लागाय् च्वंगु बौद्ध सम्पदात गथेकि लिच्छवीकालिन चैत्य, इदेसय् च्व.गु उत्तर लिच्छवीकालयागु ल्वहँयागु वसुन्धारा मूर्ति, इनाक्वय् वनेगु लँय् च्वंगु मध्यकालयागु दनाच्वम्ह पद्मपाणि बोधिसत्व मूर्तियागु अध्ययन याय् बले थन बस्ति विकासया शुरुनिसें हे बौद्ध धर्मया प्रभाव लाःगु सिइक्य फु । नेपालमण्डलया यें, यल, ख्वपय् थें थन नं बिहार स्थापना जुया संघ परम्परा न्ह्याना च्वंगु दु । थिमिइ गुन्हीपुन्हि कुन्हु गुधाः हितिइ म्वल्हुया गुंगू बाहालय् चाह्युवनेगु परम्परा दु । थुगुकथं स्वय्बले थिमिदेसय् गुंगू बाहा दु धैगु सिइदु । तर थौकन्हय् थिमिइ च्यागू बाहा बाहेक मदु । जोन के. लक, रत्नकाजी व विजयरत्न बज्राचार्य पिनिगु सफुति गुङ्ग चिभायाःत नवचैत्य बिहारया नां तया बाहा धलय् दुथ्याका तःगु दु । थन बहि दय्का तःगु खनेमदु । थिमिदेसय् च्वंगु बिहारया (बाहा) नां धलः थथे खः ।

बिहारया संस्कृत नां- प्रचलित नां- थाय्- दीपंकर

१. हेमवर्ण महाबिहार -तःबाहा - मरुत्वा - सुवर्ण वर्ण

२. गुणकिर्ति महाबिहार - दिगु बाहा - दिगु त्वाः - सुवर्ण वर्ण

३. हेरनीलवर्ण महाबिहार - याचिं बाहा - कुतिचिभा त्वाः - रक्तवर्ण

४. गुणवाक्य बिहार - वाकु बाहा - चपाचो -

५. हेरसुवर्ण बिहार - न्हू बाहा - चपाचो -

६. जेतवन महाबिहार -दथु बाहा - कसमातुन्थी - रक्तवर्ण

७. पूर्वस्थित महाबिहार - जिस्वाँ बाहा - गार्चा -

रक्तवर्ण

८. पाटी बिहार - पाटी बिहार - पाचो त्वा - रक्तवर्ण

च्वय् उल्लेखजूगु च्यागु बिहारय् नं छगू निगू बिहार जक बाँलाक्क संरक्षण जुयाच्वंगुदु। अप्पो धैथें बिहार यागु स्थिति दयनीय जुयाच्वंगु दु।

हेमवर्ण महाबिहार

परिचय

थिमि देया मू बाहा हेमवर्ण महाबिहार खः। थन च्वपिं बज्राचार्यपिं फुक्कं थ्व बाहा नापं आवद्धपिं खः। थ्व बाहा मध्यपुर थिमि नगरपालिका १४ नं वडा स्थित मरु त्वालय् अवस्थित जुयाच्वंगुदु। थुगु बाहायात बोलिचालिं तःबाहा धायेगु याः। स्थानीय जनसमुदाय बीचय् थनयाःम्ह लोकेश्वरयात लुकुना द्यो कथं अप्व म्हसिया च्वंगु दु। हेमवर्ण हिरण्यवर्णया अपभ्रंश जुगु खनेदु।

ऐतिहासिक पृष्टभूमि

थिमिया छगू पुलांगु बाहा हेमवर्ण महाविहार खः। ऐतिहासिक प्रमाण छुं नं मदुगुया कारणं थुगु बिहारया निर्माण गुबलय् जुल धकाः धाये मफु। थिमि च्वपिं फुक्क बज्राचार्यपिं थुगु बिहारया संघ दुजः खः। थुकीं थिमि बज्राचार्यपिं वसोवास जुइ धुंका दय्कुगु न्हापांगु बाहा थ्व हे खःधैगु सिइदु। बाहा लिक्कया दथुत्वालय् च्वंगु चैत्यया शिलालेखय् थुगु बिहारयात हेमवर्ण महाबिहार धकाः उल्लेख यानाः तःगु दु। थुगु चैत्य ने. सं. ९८८ मंसिर शुक्ल द्वितीया बुहस्पतीबार कुन्हु सिमनरासिं बज्राचार्य व सकल जहानपरिवार समूचय जुया थुगु चैत्य स्थापना याःगु जुया च्वन। थुजागु चैत्य थिमि लागाय् मेगु मदु।

ने.सं. ६८५ ख्वपया जुजु त्रैलोक्य मल्लया शासन कालय् येता छेंया प्रधान कुडंल सिहं बाबुनां याःम्ह छम्ह भक्तजनं थनयाःम्हा लोकेश्वरयात लोकनाथकथं उल्लेख यानाः न्यापि बुँ चढे यागु खँ छगु ताडपत्रय् उल्लेख जुयाच्वंगुदु। ने.सं. ७०७ यागु मेगु ताडपत्रय् धाःसाः क्वथुत्वाःया मदोसः (थौकन्हेयां मदु त्वा) देवर लोकेश्वर धकाः उल्लेखयानाः तःगु दु। थ्व ताडपत्रय् कतिपुन्हिकुन्हु लोकेश्वरयात पूजा याये माःगु खँ नं उल्लेखयानाः तःगु दु।

थुगुकथं ने.सं. ४९६ निसें ने.सं. ८८७ तक्कयागु भूमि सम्बन्धि ताडपत्रय् बज्राचार्य, बंडे, बुद्धाचार्य, भिक्षु बम्हचार्य उल्लेखित जुयाच्वंगुदुगु स्वयबलय् थिमिइ मध्यकालया पूवार्द्धय् हे बज्राचार्य पिनिगु बसोबास जुया थुगु हेमवर्ण महाबिहार निर्माण जूगु अनुमान यायेफु।

वास्तुकलाया दृष्टिकोणं हेमवर्ण महाबिहारयात छगू पूर्णरुपगु बिहार खः धकाः धाये थाकु। थुगु बिहारया पुलाँगु स्वरुपकथं लोकेश्वरया देगः व देगःया न्ह्योने च्वंगु प्यकुंलागु दबु जक ल्यं दनि। क्वाःपाःद्योया नितःजागु देगःलय् दुने उत्तराभिमुख यानाः ह्याँउख्वाःःम्ह पदमपाणि लोकेश्वर विज्याकाः तःगु दु। लोकेश्वर विराजमान जुयाच्वंगुकोथा चाहुलेजिइक बार्दली पिकना तःगु दु। बार्दली चाकँछी माने तया तःगु दु। अथेहे देगःयात चाहिले छिंक चाकंछि पेटि थकया तःगु दु। क्वापाद्यःयाथाय् थाहाँ वनेत बिचय् ल्वहँया त्वाथः तया तःगु दु। सुरक्षाया दृष्टिकोणं देगःया चाकंछि रेलिङ्ग तया तःगु दु। क्वाःपाःद्योयाथाय् दुहाँ वनेगु त्वाथःया जःवय् ल्वहँया निगः थां दथुइ तःग्वःगु गं छगः दु। गं च्वय् ल्वहँया ज्वालान्हाय्कंया गजू छुना तःगु दु। देगःलय्

निगू तोरण तया त:गु दु। छगू तोरण देग: दुहां वनेगु मू लुखाया फुसय् दु। पिने च्वंगु तोरणय् अभिताभ तथागतया ज: ख: सारिपुत्र व मोदगल्यानया मूर्ति तया त:गु दु। थुकीं च्वय् चैत्य तया त:गु दु। नापं ज:ख: मकरास नं तया त:गु दु। पिनेच्वंगु तोरण स्वया: दुनेच्वंगु तोरण न्हूगु खनेदु। थुगु लुखा च्वसं दथ्वी लाक्क पद्मपाणिलोकेश्वर मूर्ति तया त:गु दु। अले तोरणय् बुद्ध धर्म व संघया प्रतिक कथं स्वम्ह द्यायागु मूर्ति क्रमश: अभिताभ तथागत जवय् प्रज्ञापारमिता व खवय् षडक्षरी लोकश्वर बिज्याका त:गु दु। तोरणय् च्वय् छेपु व ज:ख: मकरास तया त:गु दु। देग:या पिनेपाखे सच्छि व च्या:म्ह (१०८) लोकेश्वर यागु किपा: च्वया: त:गु दु।

देग:यागु निगू तल्लाय् प्रयोग याना: त:गु अप्पा स्वयवले पुलांगु खनेदु। अथेखसाँ देग: धा:सा: इलय्बिलय् स्यंल्ह्वं याना: त:गु खनेदु। देग:या क्वयेया भाग आयंपाया पली खसा, च्वयेया भाग सिज: पौ पली जुल। क्वय च्वंगु पौयात विभिन्न द्योपिनिगु मूर्ति दुगु तुनासिं फयेका त:गु दु। च्वय्च्वंगु पलीयात साधारण तुनासिं फयेका त:गु दु। च्वयेया तल्लाय् छचाखेरं सिंया तिकिझ्या: छुना त:गु दु। दकसिबे च्वय् लिइया गजु व ज:ख: लिइया हे नेपाल झण्डा व्वयेका त:गु दु। गजुयात छत्रं कुइका त:गु दु। देग:या न्ह्योने छगू प्यकूंलागु दबू दु। दबूलिइ गुफ्व: पलेस्वांया ह:या द्य:ने छगू ल्वहँयागु मण्डल दु। थुगु मण्डलयात क्षेत्रपालया प्रतिक कथं नालाक्या त:गु दु। दबूया उत्तरपाखेया सिथय् प्यंकूलागु स्तम्भया च्वय् धर्मधातु मण्डल पलिस्था याना: त:गु दु। हालसालय् जक धर्मधातु मण्डलया च्वय् 'बज्र' त:गु जुल। स्तम्भ्या: पश्चिम पाखे मञ्जुश्रीया मूर्ति व उत्तरपाखे छुंहे सिइमदय् धुंकगु ल्वहँपौ दु। अथेहे दक्षिणय् ६ इन्चम्ह स्वय्वले हे पुलांगु खने दुम्ह ल्वहँया पद्पाणि लोकेश्वरया मूर्ति स्थापना जुया च्वं:गु दु। दबुया न्ह्योने त:ग्व:गु तेराकोटाया चैत्य स्थापना याना: त:गु जुल।

## बिहारया संघ

थिमि देया मूल बिहार हेमवर्ण महाबिहार ख:। थिमि च्वंपिं वज्राचार्यपिं फुक्क ध्व बिहारया संघ दुज: ख:। थुगु बिहारय् थौकन्हय् लगभग ८० परिवारया ३५० म्ह: संघ दुज: दुगु जुल। चूडाकर्म जुइ धुंकुपिं काय्मस्तय् नां स्वत: बिहारया संघ धल:खय् दुथ्याये:। थुगुकथं पूर्वस्थित महाबिहार (जिस्वां बाहा) छगू त्वता, मेगु फुक्कं बाहाया चूडाकर्म जुइ धुंकुपिं बज्राचार्यपिं थनया संघ दुज: जुइ। थनया संघ दुज:पिं प्यंगू: कवलय् व्वथला त:गु दु।

१. बाहा कव २. इना कव ३. मादु कव ४. क्वा कव

हेमवर्ण महाबिहारय् यायेमा:गु फुक्क ज्या: ध्व हे प्यंगू: कवनं न्ह्याका: वयाच्वंगु दु। साधारणतया प्यंगू: कवया: बीचय् प्यदँय् छक: द्यो पा: वया: च्वनी। तर व्यक्तिगतकथं स्वयेगु ख:सा गुलिं दुजतयसं स्विनिदँय् छक जक द्यो पा: फई (स्विनिदयँ छक पा: फइपिं संघ दुज: बाहा कवया: पिं जुइ) धा:सा: इना कव यापिंसं प्यदंय् छक पा: फइपिं ख:। चक्रेश्वर जुइगु थन थगुकथंया परम्परा दु। थुगु बाहालय् प्यंगू कवया: प्यम्ह थकालि बाहाया प्रतिनिधित्व याना: च्वनी। प्यंगू: कवया: दक्वसिबे थकालिम्ह दे थकालि अर्थात चक्रेश्वर जुइ। तर थन थकालि जुइगु परम्परा धा:सा: मदु। थुपिं हे


थकालिपिसं संघया ज्याझ्व: न्हयाका च्वंनिगु: ख: । बिहारया ज्याझ्व:

थिमिइ हेमवर्ण महाबिहार छगू जक बाहालय् द्योपाला च्वनिगु: चलन दु । सुथ न्हापां द्योगपालां देग:लय् वसि वँपुइ, निल: हया लोकेश्वर द्योयात स्नान याकी । सुथय् नामसगिती व बहनी तुत: ब्वनेगुयाना: वयाच्वंगु दु । द्योयाथाय् दुने च्वंगु गं थाना, चामरं गाय्का दानबले ब्वनी । थन न्हिया-न्हिथं द्योपालानं जाकि सिन्ह दय्कि । देग:लय् दुनेच्वना: द्य:के व:पिनिगु पूजा काई । सन्ध्या इलय् मत:बिया सुथय् थें गं थाना चामरं गाय्का दानबले ब्वना: सन्या याइ ।

थुगु बिहारय् दँय् छको बुंगद्यो, चोभा करुणामय, जनबाहा द्यो यात थें थन च्वँम्ह लोकेश्वरया नं जेष्ठ शुक्लपक्ष पारु कुन्हु न्ह:वँ याइ । परम्परा कथं द्यो पालायात जयमा तया गुरुजुं लोकेश्वरयात देग:लं पिने हया पुजा याना: जीउ न्यास: सिजयागु कलशय् साधना याना: देग:लय् पलिस्था याइ । जीवन्यास लिकाय् धुंका द्योयागु तिसा: फुकं त्वका: स्नान याकि । न्ह:वँया ज्याझ्वलय् प्यंगू: कवया:पिं थकालिपिंस धलिं लुइगु याइ । लिपा द्योयात तुइगु काप:तं भुना खतय् तया, गं थाना जिस्वां बाहालय् (पुर्वस्थित महाबिहार) यंकी थुबलय् हे द्योयात स्यंन्ह्वों याना लाँय्पु ( रंगरोगन) छायेगु ज्या: पुं तय्सं चित्रका र थाइ । धुलि ज्या क्वचायेका सिथिनख: छन्हु न्ह्या जेष्ठ शुक्लपक्ष पञ्चमी कुन्हु दशकर्म खँकेगु बिधि याना: लोकेश्वरयात पलिस्थायाइ । थुगुकथं सम्पन्न जुइगु सम्पूर्ण ज्याझ्व: जिस्वाँ बाहाया गुरुजुपिंसं न्ह्याका: बिज्याइ । थ्व कुन्हु प्यंगू: कवया: थकालिपिं उपस्थिति जुया बिज्याइ । सिथिनख: कुन्हु सर्वसाधारणया दर्शनया लागि लोकेश्वरयात बाहा पिने च्वंगु फल्चाय् सुथंनसें खतय् ब्वया: तइ । उकुन्हु बहनि लोकेश्वरया जात्रायाना: मरु त्वास्थित हेमवर्ण महाबिहारया देग:लय् तय् यंकी । थ्व जात्रायात स्थानीय वासीपिंसं "सिथिनख: (द्य:या) जात्रा" धका: नं धायेगु या: ।

थुगु बिहारय् श्रावण शुक्ल द्वादशिकुन्हु निसें च्यान्हु तक लुँसियातम्ह दीपंकरयात देग:लय ब्वया: तइ । जुग: चन्हे पञ्चदान कुन्हु थनया:म्ह दीपंकर सहित गुणकिर्ति महाबिहारया लुँसियातपिं निम्ह दीपंकर याना: मुक्कं स्वम्ह दीपंकर पिन्त थिमिइ नगर परिक्रममा याइ । बहनि दीपंकरपिं लिहाँ बिज्यायेबले बाजागाजा सहित स्थानीय मनूतय्सं "द्यो तय् हय्गु" जात्रा माने याना: वयाच्वंगु दु ।

*(साभार ख्वपया बहाबहि सफुटिं)*



# प्रिय जिता म्वल !

'थौं नं लुमाना जक धायोदिइ स्व । जिंयां सत्ते सहयाये मखु । छन्हु मखु न्यनु मखु न्ह्याबलें लुमाना न्ह्याबलें लुमाना ! छकसकाय् लुमानि न्यक सकाय् लुमानि न्ह्याबलें लुमाना धाय्गु नं दैला ?'

ब्याग ज्वङ प्याहाँ वानेता स्वहनं क्वहँ वंम्हा गोबिन्द मार्साब याता चमेली त:जुं हसना ब्युब्यूं ज्या: ब्वल ।

- दय् ! दय् ! सुंक च्वँ !

गोविन्दं सान्त्वना बिल ।

- ख:...... दय्जक ध:गुयां खुलां मयातक छिं !

- मछिंसेनि दाछिनं बिइ, खुलायां छु ! भतिचा तं ल्वाक छ्याङ गोबिन्दं लिस: बिल ।

- छिता न्ह्याबले मछिंक ! दुहँ वयागु न्हय्दा दय् धुंकल गबले जक छिंगु द: ? नुगलय द:सा सकाय् छिनिलय नुगलय हे द:गु मखु ।

ख्वखना स:लं चमेली घुर्कि न्यंकल ।

- 'म्वल ! म्वल ! प्याँ वाने त्यलकि न्ह्याबलें कचकच चितासु गबलें ब्यूगु मखु ।'

- जिं गबले कचकच याङागु द: छिता ? जिं थें माया छि मां बौ नं हे याइमखु । हाकुगुंइ तपस्या च्वंसां हे जि थें न्यम्हा मिसा लाकेता थाकुइक छिता ।

-'खै वयां धाय् हे म:गु मखु नि तपस्या मच्वं सां ला हे लात नि !'

- मखुयां धाय् हे फैमखु छिं ! क म्वल ताहाक छु हाल च्वनेगु तीजक ज्या: भ्नासँ ! ल्याँ भ्नाय्बले लुमांक दिसँ बरु ।'

चमेलीं अन्तिम हसना बियो खाँ दिकल । गोविन्द मार्साब नुग: इयातुक थ:गु ज्याय् वान । चमेली त:जु भुनु भुनु हाहां थ:गु कोथाय् दुहँ वाङ ऊन प्वचा लिकाल । झ्यफलय् थचक्क फ्यतुङ ऊनया तपुलि थायेगु ज्या: यात ।

थौं चमेली तजुया मन थाते मला । ऊन प्वचा कोथाया ध्याकुंचाय् वांछ्वयो नुगलय खाँ ल्हाकि गवलें झ्यफले फ्यतुइ पिने मिखा बाय्कि । गबलें दानी तलय् थाहाँ वानि तुरन्त क्वहँ वइ । गवलें ऊन ग्वारा व मुलु ज्वङ थाज्या यनेथें इघुथिघु जुइ । वयागु ख्व: गवलें चकानी सुपाँचं त्व:तगु तुमला थें ।

गबले बाला चह्रेया निभ: बुलुयो वांथे ख्व: बुलुयो वानी ।

- मखु व ज्योतीचां गपाच त:धां छुयो खाँ ल्हागुया ! कय्, भ्वय् वाङाथाय्यां फुकस्यां ह:ने थौ कन्हेया जमानाय् जाबो मोबाइलचा छग हे घाये मफयाला हँ जिता ! मोबाइल द:सा सकाय् पासा पासाया दथि न्ह्यावलें स्वापू दयो च्वनि । न्ह्यागुनं खाँ सिइक च्वने दै हँ ! नापा लाय् ध:सा छ च्वनि "चांगुंइ, जि

च्वनि कांगुइ" हँ ! ल्हा पुतुपुइक गबलें कप ल्हुकु ल्हुकु सांक चमेली त:जुं नुगलय खाँ ल्हाक च्वन ।

ज्योतीचां ध:गु खाँ तु ख: । अय्सां फुकस्यां ह:ने मोबाइलचा छग: हे न्याये मफयाला ? ध:गु सुख मदुक, मेपिसं स्वयेबले जियां साप हे दरिद्रम्हा थें च्वन मखुला ! वाय्सकाय भतं त्यगुं मत्यगु ज्या: याङ कमाइ ब:लाके फता । जि भतंयां अथे याये मस छुयाय् ! अथे कर्पिसं हेपे यागुलिं हे जिता नं बाँलागु भिंगु ब:लागु फेसबुक ध:गु स्वये ज्यूगु मोबाइल छग न्यङ बिया धायागु न्यङ हे ब्यूगु मखु बुराचां । मोबाइल छग मदयो जितायां न्ह्यो हे मव: । नयागु हे तिले ग्य:गु मखुत । छुयाय् गांसि जुयो नंचा हे ह्वारां फ्वारां जुये धुंकल । मने चिन्ता जुलकिं थथे नं जुयेयो खनिसा । चमेली त:जु नुगलय् खाँ ल्हाक ल्हाकं थ:गु म्हा पचि पचि याङ स्वल ।

- अँ, म्वाय्से ! गांसी जूसा जुलक थौं यां न्याङ हये ध:गु द हे द: बुराचां । चमेली तजुया नुग: निभालं ख:गु पलेस्वं थे बुलुहुँ चकान ।

- आय् चमेली त:जु !

पिने सुनं स:तगु ताय् दत । चमेली वाथाक्क दाङ झ्यालं कोस्वल ।

ए .......... ! ज्ञानमाया तजुला ? तले भ्ञासँ खापा च !

मखुत तजु लिवात मथां भ्ञासँ !

- अँ, ल्हा थौं निसें अजाजु द्य:थाय् धर्म देसना बिइगु ध:गु ल्हा ! जियां लुमाङ हे च्वनाक । आसे न्हाँ तजु ! जि नं नापां वये । मथां मथां गां न्ययो चमेली पिहाँवल ज्ञानमाया तजु नापां अजाजु द्य: पाखे स्वयो वान ।

दिपंकर विहारय् उपासक उपासिकापु सकले मुङ च्वने धुंकल । चमेली तजु व ज्ञानमाया तजु मुंज्याय् तीजक नापां फेतुवान । चिचाचा धांगु आसने चीवर पुङ च्वंम्हा भिक्षु शालीन व शान्त मुद्राय आसन ग्रहण याङ च्वन । वातावरण असाध्य शान्त खानेद । सुननं छ्स मोस तकनं तगु ताय् मदु । सकलं ल्हा विन्तियाङ भक्तिभावं शान्त जुयो च्वन । चमेली त:जुं वडो भक्ति भावं भिक्षुया ख्व स्वयो च्वन । भिक्षुया दर्शनं थ:गु इच्छा पूवानिगु त:धांगु आसा चमेलीया द: । छुं क्षण लिपा भिक्षुया म्हुतुं पंचशील प्रार्थना जुल ।

बुद्धं शरणं गच्छामी

धम्मं शरणं गच्छामी

सघं शरणं गच्छामी

सकसिया स:लं वातावरण गुँजायमान जुल । पंचशील लिपा अतिकं नाइसे च्वंगु सलय् भिक्षुं थ:गु प्रवचन न्ह्याकल । भिक्षुं समाजय् दु:ख द: । दु:खया कारण द: अले दु:ख अन्त यायेगु उपाय नं द: धाय्गु विषयलय् थ:गु प्रवचन न्ह्याक बिज्यात ।

महामानव गौतमबुद्धया उपदेश काथं दु:खया कारण तृष्णा ख: धाय्गु ज्ञान भिक्षुं बियो विज्यात । थ:के औगात मदय्क छुं वस्तुया इच्छा यातकिं दु:ख उत्पन्न जुइ । दु:खं कलह जुइ । दु:खं सर्वनास जुइ धाय्गु ज्ञान चमेली तजुं थुइकल भिक्षुया प्रवचन न्यन्यं न्हचतक मोबाइल मदयो झ्यातुयो च्वंगु चमेली तजुया म्हा याउसें च्वङ वल । थौंया धर्म देशना क्वचाल ।

विद्यालय छुटि जुयवं गोविन्द मार्साव छेँ लिहाँ वल । वाय्गु ख्व: ख्यूसे च्वं । अजुलं मिसां बाकि तै मखुत धाय्गु पीरं नुग: भारा भारा मिङ च्वन । नये पित्यासां चमेली याता स: तयेगु आँट मवल । घ्वाराक्क खापा चायेक खाताय् ग्वारातूवान ।

धलिं स्वस्वं गोविन्द्रं थ:मिसायाता हेकेगु उपाय माल । चमेली तजू बैगलय् नं कुहँ मवनी ।

एऽऽ... नकतिनी भ्रायागुला ? जिंयां भ्र:गु हे मताया ! चमेलीं कोथाय् दुहँ वयो न्यन । गोविन्द मार्साब थारा न्हूल । वाय्गु म्हुतुं लिस: पिमज्वल ।

- अँ, थुकिं उपो नुवोय मफत !

- म्हासुख मता लाकि छु छिता ? त:सिकं माया वांगु स:लं चमेली तजुं न्यन

- मखुऽऽ ! छुं मजु ! ग्यागयां गोविन्दं लिस: बिल !

- न्हच सुथाय् धिवा त्याङ जुसां मोबाइल न्याङ हजि धायागु न्यङ हायदेमते न्हाय ! अयाता जिता मोबाइल मय्ल । सौहार्दपूर्वकं चमेलीं थ:भत याता इनाप यात ।

छु धाया हाई ? ख्यालं लाकि नीलं ? गोविन्द खातां वाथाक्क दाङ चमेली याके न्यन !

- जिं धाथें खय्क धायागु ख: । थ:के औकात मदयेक छुं वस्तुया इच्छा यातकि दु:ख जुयेयो धाय्गु बुद्धया उपदेशं जिगु मिखा खांक बिल । उकिं जिता मोबाइल मयल ! जिता मोबाइल म्वल प्रिय ।

गोविन्द मार्साबया झ्यातुगु म्हा छकोलं याउँसे च्वन । सीर सिर व:गु फसं कोथाया पर्दा फर फर सांकल ।

गोविन्दया म्हुतुं तीजक पिज्वल...........
बुद्धं शरणं गच्छामी...


**बौद्ध साहित्यिक पत्रिका अर्हत नियमित प्रकाशनमा सफलता मिलोस् भन्ने कामना गर्दछ ।**

**भक्तपुर इँटा उद्योग व्यवसायी संघ**

जगाती, भक्तपुर

समाचार

# मैत्रय युवा संघद्वारा श्रद्धाञ्जली सभा

मैत्रय युवा संघ भक्तपुरद्वारा दिवंगत श्री रुद्र चित्रकारज्यूको सम्भनामा गुणस्मरण गरी श्रद्धाञ्जली प्रदान गरियो । श्री चित्रकारज्यूको गत २०७३ असोज १ गते असामयिक निधन भएको थियो । वहाँ मैत्रय युवा संघका संस्थापक सदस्य र वर्तमान कार्य समितिको सदस्य हुनुहुन्थ्यो । स्थापनाकालदेखि वर्तमान समयसम्म संघ तथा बुद्धधर्म सँग सम्बन्धित हरेक कार्यक्रममा वहाँको विशेष योगदानको चर्चा गर्दै सम्पन्न भएको उक्त कार्यक्रममा श्री रत्नसुन्दर शाक्य, श्री महेन्द्रराज शाक्य र श्री रामकृष्ण वैद्यले आ-आफ्नो मन्तब्य दिनु भयो । पञ्चशील ग्रहण गर्दै शुरु भएको उक्त कार्यक्रममा तिर्थराज बज्राचार्यले स्वागत मन्तव्य दिनु भयो भने लक्ष्मीचन्द्र बज्राचार्यले उपस्थित सबैलाई धन्यवाद दिनुभयो । मुनिविहारका भिक्षु अर्जुनको प्रमुख आतिथ्यमा शुरु भएको उक्त कार्यक्रममा श्री चित्रकारको निधनको शोकमा एक मिनेट मौनधारण पनि गरियो । संघको अध्यक्ष सत्यलक्ष्मी रञ्जीतको सभापतित्वमा भएको उक्त कार्यक्रममा श्री चित्रकारका परिवारजनको उपस्थिति थियो । स्मरणीय छ वहाँको मरेणापरान्त नेत्रदानबाट एकजना दृष्टिबिहिन व्यक्तिले दृष्टि प्राप्त गरी लाभान्बित भएको पनि थाहा भएको छ ।

*प्रेषक*
*तिर्थराज बज्राचार्य*
*मैत्रय युवा संघ*


## अनुरोध

बौद्ध दर्शन अध्ययन समाजको सहयोगार्थ प्रकाशित बौद्ध साहित्यिक पत्रिका 'अर्हत्' त्रैमासिक को निरन्तर प्रकाशनको लागि लेख-रचना तथा व्यवसायिक विज्ञापन दिई सहयोग गर्नुहुन हार्दिक अनुरोध गर्दछ ।

**बौद्ध दर्शन अध्ययन समाज**

**भक्तपुर**
Email: arhattraimasik@gmail.com

# अनुरोध

बौद्ध दर्शन अध्ययन समाजको सहयोगार्थ प्रकाशित
बौद्ध साहित्यिक पत्रिका **अर्हत** त्रैमासिकको वार्षिक
ग्राहक भई सहयोग गरिदिनुहुन पाठकहरूमा
हार्दिक अनुरोध गर्दछ ।
साथै निरन्तर प्रकाशनको लागि लेख-रचना तथा
व्यवसायिक विज्ञापन दिई सहयोग
गर्नुहुन हार्दिक अनुरोध गर्दछ।


## बौद्ध दर्शन अध्ययन समाज

भक्तपुर, Email: arhattraimasik@gmail.com



न्हुछेबहादुर गोसाईं मो.९८५१०६८७४४

## न्हुछे निर्माण सामग्री सप्लायर्स

भक्तपुर

ईंटा बालुवा, ढुङ्गा, माटो, ग्राभेल, चिप्स तथा निर्माणका लागि आवश्यक सम्पूर्ण सामग्रीहरु सुपथ मूल्यमा पाउनुका साथै गाडी ढुवानीको लागि सम्झनुहोस् ।

जि.प्र.का., भक्तपुर द.नं. १२६/२०६९/७०

बौद्ध दर्शन अध्ययन समाजद्वारा प्रकाशित बौद्ध

साहित्यिक पत्रिका "अर्हत" त्रैमासिक

निरन्तर प्रकाशनको शुभकामना !

भक्तपुर नगरपालिकाबाट संचालित

**ख्वप इन्जिनियरिङ्ग कलेज**

पूर्वाञ्चल विश्वविद्यालयबाट सम्बन्धन प्राप्त

भक्तपुर नगरपालिकाबाट संचालित

**ख्वप कलेज अफ इन्जिनियरिङ्ग**

त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन प्राप्त

**शैक्षिक कार्यक्रमहरु**

**KHWOPA ENGINEERING COLLEGE**

- Master in Earthquake Engineering (2 yrs.)
- M.Sc. in Urban Design & Conservation (2 yrs.)
- Bachelor in Civil Engineering (4 yrs.)
- Bachelor in Architecture (5 yrs.)
- Bachelor in Computer Engineering (4 yrs.)
- Bachelor in Electronics & Communication Engineering (4 yrs.)

**KHWOPA COLLEGE OF ENGINEERING**

- Bachelor in Civil Engineering (4 yrs.)
- Bachelor in Electrical Engineering (4 yrs.)

लिवाली, भक्तपुर-२ | फोन ५१२२०९४, ५१२२०९८

फ्याक्स : ५१२२२०२ | Email : info@khwopa.edu.np

Website : www.khec.edu.np | www.khwopa.edu.np